गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्को त्रैमासिक प्रकाशन

Global Nepali

NRN Non-Resident Nepali Association

For Nepali By Nepali

Issue 10, March - May, 2012 अंक १०, चैत्र २०६८-जेठ, २०६९

भित्र


- अन्तर्वार्ताः २
- रिपोर्टः नागरिकता निरन्तरता प्रति प्रमुख दलहरू सकारात्मक ४
- रिपोर्ट परोपकारः बढ्दैछ सहयोगी हात ५
- रिपोर्ट लगानीः सामूहिक लगानीमा बन्दैछ माहोल ६
- विशेष अन्तर्वार्ताः "राष्ट्र निर्माणको शसक्त शाधन नै 'नागरिकताको निरन्तरता' हो" ७
- विचारः रेमिटेन्स् र एनआरएन ८
- लेखः बेलायतको नेपाली समुदाय ९
- समाचारः १०-११
- गतिविधिः १२




विशेष रिपोर्ट

# सुध्रदै वैदेशिक रोजगार

कमाउन खाडी क्षेत्रमा गएका नेपालीहरुले भोग्ने पीडाका समाचारमा अहिले कमी आएको छ। जानुपूर्व नै कडाइ सुरु गरेकाले नक्कली काममा फसाउनेहरु हतोत्साहित भएर समस्या घटेका हुन्। मुलुकमा काम नपाएर विदेश जान चाहने अदक्ष्य सर्वसाधारणको चाप बढेको मौका छोपी बग्रेल्ती खुलेका म्यानपावर कम्पनीहरुले जस्तो सुकै काममा पठाइ दिँदा खाडीमा नेपालीहरुले विभिन्न समस्या भोग्नु परेको थियो। अहिले वैदेशिक रोजगार विभागले कम्पनीले कामदारसँग गरेको सम्झौता पत्रको आधिकारिता पुष्टी गर्न निगरानी बढाएको छ। सोही कारण नक्कली सम्झौता पत्रमा सर्वसाधारण विदेश उडाउनेहरु निरुत्साहित हुन पुगेका हुन्। वैदेशिक रोजगार विभागका महानिर्देशक पूर्णचन्द्र भट्टराईका अनुसार चालु आर्थिक वर्षमै ६ सय भन्दा बढी म्यानपावर कम्पनीहरुबाट ३ करोड ५० लाख रुपैया क्षतिपूर्ति तिराइएको छ। वैदेशिक रोजगारीमा जाने अधिकांश मानिस ग्रामिण परिवेशका हुने र धेरै कुरा नबुझ्ने भएकाले पनि म्यानपावर एजेन्टहरुलाई फसाउन सजिलो भएको भट्टराईको बुझाइ छ। "म्यानपावर कम्पनी र एजेन्टले एउटा काम भनेर अर्कोमा पठाइ दिनु नै मुख्य समस्या हो। त्यस्ता एजेन्टलाई विश्वास गरेर जानेहरुबाट धेरै गुनासो आँउछन्।"

खाडी क्षेत्रमा आएका नेपालीले दु:ख नपाउन् भनेर गैरआवासीय नेपाली संघले पनि लामो समयदेखि पहल गर्दै आएको छ। गैरआवासीय नेपाली संघ वैदेशिक रोजगार कार्यदलका प्रतिनिधिद्वारा श्रम मन्त्री र श्रम सचिवसँग भेटघाट गरी एक पटक श्रम स्वीकृति, बीमा, घरेलु कामदार, कल्याणकारी कोष तथा रोजगारीका लागि जानेहरुको सरलीकरण र सहज कार्यप्रणाली बनाउन आग्रह गरेको छ। अप्रिल २६ मा तत्कालीन श्रम तथा यातायात मन्त्रालयमा मन्त्री मालवरसिंह थापा र सचिव सोमलाल सुवेदीसँग भएको भेटमा मध्यपूर्वमा काम गर्न गएका श्रमिकहरुको विविध समस्याका बारेमा अवगत गराउनुका साथै बहराइनमा रोजगारीमा गएका कामदारहरुको प्रमाणिकरणको लागि सरल र सहज उपायको लागि पहल गरिदिन आग्रह गरिएको थियो। त्यस्तै ओमान र बहराइनमा दूतावास यथाशिघ्र स्थापनाको लागि पनि अनुरोध गरिएको थियो।

## वैदेशिक रोजगारीमा जाने संख्या बढेको बढ्यै

मुलुक भित्र काम गर्ने अवसर नभए पनि वैदेशिक रोजगारीमा जाने नेपालीहरुको संख्या तीव्र रुपले बढी रहेको छ। विभागका अनुसार २०६८ चैतसम्ममा २० लाख ३६ हजार ३१९ जना नेपालीहरु कामको सिलसिलामा खाडी मुलुक लगायत विभिन्न स्थानमा छन्। ती मध्ये भण्डै ३ प्रतिशत मात्र महिला रहेका छन्। अधिकांश महिलाहरु घरेलु कामको लागि जाने गर्दछन्। विभागको तथ्यांकमा आर्थिक वर्ष २०५२/५३ देखि २०६२/६३ सम्मको अवधिमा जम्मा ७ लाख ५८ हजार ६ सय ७५ पुरुष वैदेशिक रोजगारीमा गएको देखिन्छ।

२०६२/०६३ यता पाँच वर्षको अवधिमा वैदेशिक रोजगारीमा जानेहरुको संख्या झण्डै ७५ प्रतिशतले बढेको छ। विभागका अनुसार आर्थिक वर्ष २०६३/६४ देखि आर्थिक वर्ष २०६६/६७ सम्ममा ९ लाख ४३ हजार ९ सय १८ पुरुष र २३ हजार ७ सय २५ महिलाले विभागबाट रोजगार अनुमति लिएका छन्। आर्थिक वर्ष २०६७/६८ को पहिलो नौ महिनामा ३ लाख १ हजार २ सय ९९ पुरुष र ८ हजार ७ सय २ जना महिला वैदेशिक रोजगारीमा गएका छन्। अघिल्लो वर्षको सोही अवधिको तुलनामा यस वर्ष विदेश जानेको संख्या झन्डै शत प्रतिशत बढेको हो।

वैदेशिक रोजगारमा गएका कामदारले गत वर्ष मात्र २ खर्ब ५३ अर्व ५५ करोड रुपैयाँ रेमिट्यान्स नेपाल पठाएका थिए। जबकि सो वर्ष मुलुकको कुल राजश्व संकलन २ खर्ब ७ अर्ब ८९ करोड मात्र थियो। मुलुकका सबै आर्थिक परिसुचकहरु सन्तोषजनक नभए पनि रेमिट्यान्सले शोधनान्तर अवस्थामा सुधार ल्याई मुलुकको अर्थतन्त्रमा ठुलो योगदान दिएको छ।

नेपालबाट वैधानिक रुपमा १ सय ८ मुलुकमा वैदेशिक रोजगारीका लागि जान सकिन्छ। युवाहरुले उर्जाशिल उमेरमा अर्काको मुलुक निर्माणमा मात्र पसिना बगाउने हो भने नेपालको विकास कहिले होला? भन्ने गम्भीर प्रश्न पनि उठेको छ।

वैदेशिक रोजगार विभागका अनुसार कतारमा २ लाख ७६ हजार ४ सय ७ पुरुष र ८ सय ५५ जना महिला कामदार छन् भने मलेसियामा २ लाख ७३ हजार १ सय ३७ जना पुरुष र ४ सय ९८ महिला कामदार रहेका छन्। ■

# ‘सचेत हुन जरूरी छ’



**पूर्णचन्द्र भट्टराई,** महानिर्देशक वैदेशिक रोजगार विभाग

वैदेशिक रोजगारीमा जानेको अवस्था कस्तो छ ?

अधिकांश म्यानपावर कम्पनीहरुले झुटो आशा देखाएर कामदारलाई विदेश पठाउने गर्दा धेरै कामदार समस्यामा परेका छन्। मुख्य गरी रोजगारीमा जानेहरुलाई आइपर्ने समस्या भनेको सम्झौता गरिए अनुसारको काम र तलब नपाउनु हो। यसको न्युनकरणका लागि हामीले त्यस्ता म्यानपावरहरुको मुल्याङ्कन गरी आवश्यक देखिएमा दर्ता खारेज गर्ने सम्मका कामलाई अघि बढाएका छौं। साथ साथै वैदेशिक रोजगारीमा जाने व्यक्तिले शीप सिक्न जरुरी छ र आफू जान लागेको मुलुकको भाषा, धर्म, रहनसहन जस्ता कुरामा न्यूनतम जानकारी हुनुपर्छ। त्यस्तै म के कामका लागि कुन कम्पनीमा कहिलेसम्मका काम गर्न जाँदै छु र यो काम गरे बापत मैले के कति सेवा सुविधा पाउछु भन्नेबारे सचेत हुन जरुरी छ।

ठग्ने र ठगिने समस्यालाई कसरी मिलाउनु हुन्छ ?

यो अत्यन्तै कठिन तर नगरी नहुने काम हो। आर्थिक वर्ष २०६८/६९ मा ६ सय भन्दा बढी ठग्ने म्यानपावर एजेन्सीहरुले ३ करोड ५० लाख रुपैयाँ रकम क्षतिपूर्ति तिरेका छन्। वैदेशिक रोजगारीमा पठाउछु भन्दै ठगिएका यथार्थ प्रमाणका आधारमा ती म्यानपावर एजेन्सीबाट उक्त रकम क्षतिपूर्ति तिराइएको हो। अब ठगिनेलाई सकेसम्म सचेत भएर जानुहोस भन्ने हो विभिन्न जानकारीहरु मार्फत चेतना फैलाउने हो तर त्यति हुदाँहुदै पनि ठगिनेहरुलाई आवश्यकता अनुसार सहयोग गरीरहेका छौं।

के के सुधार गर्नु भयो ?

वैदेशिक रोजगारमा जाने कामदारलाई पूर्व निर्धारण गरेको पद, कम्पनी र सेवा सुविधाभन्दा फरक हुने गरी श्रम स्वीकृति दिन रोक लगाइएको छ। त्यस्तै वैदेशिक रोजगारमा जाने कामदारलाई आफू जाने मुलुक, कम्पनी, काम, सेवा सुविधालगायतका विषयका सूचना हुने गरी अनिवार्य रुपमा नेपाली भाषामा उल्था गरिएको करार पत्र दिनै पर्ने व्यवस्था लागू गरिएको छ। रोजगारमा जाने कामदारले गर्नुपर्ने बीमा प्रणालीमा सुधार गरिएको छ। ■



# ‘दूतावाससँगको सहकार्यमा उद्धार गरिरहेका छौं’

**स्थानेश्वर देवकोटा,** महानिर्देशक वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड

वैदेशिक रोजगार प्रवर्द्धन बोर्डले अहिले मुख्य गरी के गर्दैछ ?

खास गरी वैधानिक तरिकाले विदेश गएर समस्यामा परेकाहरुलाई बोर्डले उद्धारको लागि संबन्धित दूतावाससँग सहकार्य गरी तनिहरुको उद्धार गर्ने काम गर्दै आएको छ। वैधानिक रुपले रोजगारीको सिलसिलामा विदेश गएकाहरुलाई पर्ने समस्या समाधान गर्न हामी सबै तत्पर हुन्छौं।

कसरी उद्धार गरिन्छ ?

अहिले नेपाल सरकारले १ करोड रुपैयांको कोष वैदेशिक रोजगारीमा गएका नेपालीहरुको उद्धार गर्नका लागि भनेर खडा गरी काम शुरु गरिसकेको अवस्था छ। वैदेशिक रोजगारीमा रहदा विभिन्न कारणले बिरामी हुनेहरुका लागि बोर्डले एकदेखि एक लाख पचास हजार रुपैयांसम्म उपचार खर्च दिने गरेको छ।

महिलाहरूको अवस्था कस्तो छ ?

महिलाहरुका लागि खुल्ला रहेका मुलुकहरु यूएई, कुवेत, कतार र साउदी अरब हुन्। मुख्य गरी यी मुलुकमा महिलाहरु घरेलु कामदारका रुपमा जाने गर्छन्। अरु देशको तुलनामा नेपाली कामदारमा शीपको कमी भएको गुनासो आएकै कारण हामीले उनीहरुका लागि आवश्यक तालिम, परामर्श आदि दिने व्यवस्था पनि गरेकाछौं यसको अवस्था समग्रमा सुधारमुलक अवस्था छ।

रोजगारीमा गएका नेपालीहरूको दैनिक मृत्यु हुने क्रम पनि बढेको छ ? यसका लागि के गर्नुहुन्छ ?

हो, यस्तो घट्नाको सख्यामा पछिल्लो समयमा बृद्धि भएको छ। तर, मृत्यु किन र कसरी भयो ? भन्ने कुरामा भन्दा पनि ती मृतकहरुको लाश घरसम्म पु्याउने काममा हाम्रो प्रत्यक्ष सहयोग हुन्छ। आजभोलि दैनिक जसो ३,४ जना नेपालीको लाश नेपाल आउने गरेको छ। ■

# ‘नीतिगत कार्यान्वयन कमजोर छ’



**रामेश्वर शाह,** उपाध्यक्ष, गैरआवासीय नेपाली संघ

नेपाली कामदारको अवस्था विदेशमा कस्तो पाउनु भएको छ ?

आज पनि नेपाली कामदार भनेको अदक्ष नै हुन्छन् र यिनीहरु मजदुरीको काम बाहेक अरु काम गर्न सक्दैनन्भन्ने छ। अर्कोतिर नेपालीहरु काम गर्न जानुहुन्छ, तर त्यहँ सिकेको शीपलाई नेपालमा फर्केपछि बिर्सनु हुन्छ। यो प्रति सिंगो एनआरएन निकै चिन्तित छ, किनभने त्यहाँ सिकेको ज्ञान, शीपलाई आफ्नो मुलुकमा आएर कार्यान्वयन गर्न सके मुलुकको विकासले फड्को मार्ने थियो। तर यसप्रति कसैको पनि ध्यान पुगेको छैन।

नेपाली कामदारलाई व्यवस्थित गर्न र उनीहरूको सेवा सुविधाको पक्ष सुरक्षित बनाउन एनआरएनएको भूमिका के छ ?

हामीले गैर आवासीयहरुको सवाल र आवाजलाई केन्द्रिकृत गरी नेपाल सरकारलाई सल्लाह सुझाव दिने जानकारी गराउने काम गरिरहेका छौं, भने स्थानीयस्तरमा कुनै समस्या भएको अवस्थामा त्यसलाई औपचारिक रुपमा स्थानीय दूतावास मार्फत् समाधान गर्न गराउन सहयोग गरेका छौं। पछिल्लो समयमा एनआरएनएको सुचना केन्द्र मार्फत् हामीले हरेक देशको न्यूनतम जानकारी गराउने उदेश्यले विभिन्न कामहरु गरिरहेका छौं।

सुव्यवस्थित वैदेशिक रोजगारीका लागि नेपालको नीति कस्तो छ ?

हाम्रो देशमा वैदेशिक रोजगार ऐन ढिलो आयो र आएको नीति राम्रो भएपनि कार्यान्वयन पक्ष फितलो देखिन्छ। त्यसैले कार्यान्वयन पक्ष बलियो हुनु पर्छ । र, हामीले पनि सबै पक्षलाई कार्यान्वयन बलियो बनाउन सहयोग गर्नुपर्छ। कार्यान्वयन भए नभएको अनुगमन, निरीक्षण हुनु जरुरी छ। विदेशतिर कार्यान्वयन पक्ष एकदम बलियो हुन्छ।

वैदेशिक रोजगारीको विकल्पमा एनआरएनएको सोच के छ ?

अहिले पनि हाम्रो मुलुकका कैयौं व्यक्तिहरु गुणस्तरीय शिक्षाको लागि भनेर ठूलो लगानी गरी विदेश गइरहेकाछन् यसो हुँदा उनीहरु केही सिक्छन् केही जान्ने हुन्छन् अनि नेपालमा अवसर नभएका वहानामा उतै पलायन हुन्छन्। हामीले शिक्षा र स्वास्थ्य सेवालाई सुधार्दै स्वदेशमै गुणस्तरीय सेवा सुविधा दिन सक्ने हो भने पक्कै पनि मुलुकको विकाससँगसँगै रोजगारीको सम्भावना बढेर जान्छ। त्यसैले हामीले अब यता तिर पनि सोच्न थालेका छौं। तर, यो सबै कुरा हुनको लागि त सरकारले लगानीको वातावरण सृजना गर्नु आवश्यक छ। ■


गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्द्वारा प्रकाशित

यस न्युजलेटरमा प्रकाशित सामग्री, लेख तथा अन्तर्वार्ता साभार गरी पुनः प्रकाशन गर्न सकिने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराउँदछौं।

डा. हेम राज शर्माः प्रधान सम्पादक
गैरआवासीय नेपाली संघ
सचिवालय, टेकु, काठमाडौं
फोन नं. ९७७-०१-४२१५२४७, ४२६२२५५
इमेलः nrn@nrn.org.np, contact@nrn.org.np
वेभसाइटः www.nrn.org.np

सामग्री संयोजन : आउटलाइन मिडिया
www.outline.com.np
E-mail: info@outline.com.np
Tel: 01-4463136
Outline news service
www.onsnews.com

## ‘नीति बनाउँदा हामीलाई पनि समावेस गरिनु पर्छ’



**टि बी कार्की,** एनआर एन सचिव तथा वैदेशिक रोजगार टाक्स फोर्सको अध्यक्ष

नेपालबाट विदेशमा काम गर्न गएका नेपाली कामदारहरूको अवस्था कस्तो छ ?

पछिल्लो समयमा वैदेशिक रोजगारमा काम गर्न जाने क्रम बढ्दै जाँदा नेपाली कामदारको माग पनि बढ्दै गए पनि वैदेशिक रोजगारमा जाने नेपालीहरु आधुनिक तथा आवश्यक शीप र क्षमताको अभावले गर्दा भने जस्तो काम गर्न सक्दैनन् भन्ने मनस्थिति कायम रहिरहयो। यहि मान्यताले गर्दा २१ औं सताब्दीमा आइपुग्दा पनि वैदेशिक रोजगारीमा जाने नेपालीलाई नोक्सान परिरहेको हो।

तपाईले भने जस्तो नै अवस्था छ भने त्यसको समाधानमा एनआरएनएले कस्तो भूमिका निर्वाह गर्दै आएको छ त ?

अहिले रोजगारदाताको आवश्यकता अनुसारको क्षमता भएको नेपालीहरु पनि छन्। यसैले अन्य देशका नागरिकलाई जस्तै नेपालीहरुलाई पनि विश्वास गर र रोजगारको वातावरण बनाउ भनेर हामी जुन देशमा छौं त्यस देशमा हामीले शुरुदेखि नै आग्रह गरिरहेका छौं। राज्यको कमजोरीका कारण यो समस्या भएको हो। त्यसैले राज्यले कुनै देशका लागि कानून निर्माण गर्दा सम्बन्धित देशमा रहेका गैरआवासीय नेपाली मध्ये एक जनालाई सहभागी गराएमा धैरै समस्या समाधान हुनसक्छ।

यो समस्या समाधानको लागि अब नेपाल सरकार या रोजगारमा जाने व्यक्ति कसको के भूमिका देख्नुहुन्छ ?

सबै भन्दा पहिले व्यक्तिको आफ्नै मुख्य भूमिका हुन्छ आफुले नजानेको र गर्न नसक्ने काम गर्नको लागि अनि आफु जाने देशको संस्कृति, भाषा, इतिहासलाई नबुझि गएर कागजमा मात्र सिमित शीपको प्रमाणपत्र तयार गरी वैदेशिक रोजगारमा जाँदा दुःख पाइन्छ भनेर सचेत हुन आवश्यक छ। सरकारले पनि कम्तिमा कुन देशमा के काम गर्न जान लागेको हो, सो अनिवार्य रुपमा उल्लेख गर्न लगाउने र सो देशको बारेमा न्यूनतम कुराहरुको जानकारी गराएर मात्र पठाउने गरेमा धेरै समस्या समाधान हुने हामीले देखेका छौं। ■

**लेख** डा. देवी ब. बस्नेत

# नेपाली कामदारको आकर्षक गन्तव्य कोरिया

**दक्षिण** कोरियालाई वैदेशिक रोजगारको लागि एक आर्कषक गन्तब्यको रुपमा मानिन्छ। मुख्यतया औधोगिक तालिम प्रणाली (Industrial Trainee System) र रोजगार अनुमति प्रणाली (Employment Permit System) बाट धेरै विदेशी कामदारहरु कोरियामा काम गरीरहेका छन्। सन् १९९४ बाट नेपालीहरु ITS अर्न्तगत आएर रोजगारी गर्दथे भने सन् २००७ मा नेपाल र कोरियाली सरकारबीच सम्झौता भएपछि EPS अर्न्तगत आउने क्रम जारी छ। कोरियामा दिन प्रतिदिन बढ्दै गएको नेपालीहरुको जनसंख्याको प्रमुख आधार EPS नै भएको छ। यसका साथै अन्य पेशामा संलग्न सहित हालसम्म नेपालीहरुको संख्या लगभग १७ देखि २० हजार छ।

कोरिया नेपालीहरुका लागि वैदेशिक रोजगारको आकर्षक गन्तव्य हुनुका कारण आर्थिक नै हो। अन्य देशको तुलनामा साधारण काम गर्ने व्यक्तिको आय एक हजार डलर भन्दा कम हुँदैन। यसबाहेक, काम गर्न आउँदा लाग्ने लगानी, यहाँको रहनसहन, कोरियालीहरुले नेपालीलाई गर्ने माया, कोरिया सरकारले विदेशीलाई ध्यानमा राखेर बनाएका सकारात्मक कानूनहरु, नेपाल बुद्ध जन्मेको देश हुनु र कोरियामा धेरै जनसंख्या बुद्ध धर्म मान्नु, सगरमाथाको देश नेपाल हुनु र कोरियालीहरुको पहाड चढ्ने मोह अत्याधिक हुनुजस्ता विविध कारणहरुले नेपाली र कोरियाली बीचको सम्बन्ध सुमधुर छ। यो सँगसँगै कोरियामा अप्ठ्यारा पक्षहरु पनि छन्, जसले गर्दा धेरै नेपालीहरुले सोचेको भन्दा बढी नै दुःख पाएको तथा ज्यान नै गुमानु परेका धेरै उदारणहरु छन्।

नेपाल र कोरिया सरकार तथा सम्बन्धित निकाय बीचमा राम्रो समझदारी भएर काम गर्न सकेमा कोरियामा नेपालीहरुको अवस्था पक्कै पनि राम्रो हुनेछ। यी बाहेक रोजगारदाताको तलब नदिने प्रवृत्ति वा रोजगारदाताको एकलौटी अधिकार आदि विषय दुई देशबीच छलफलबाट समाधान गर्न सकिन्छ। काम गर्न आउनु पहिले सम्बन्धित कामको वा कामको प्रकृतिको राम्रो ज्ञान, कोरियाली भाषा तथा नियम कानूनको राम्रो जानकारी हुने हो भने रोजगारीको समयमा आउने समस्याबाट जोगिन सकिन्छ। यसो भनिरहँदा कर्मभूमिलाई पनि जन्मभूमिको जस्तै आदर गर्न सकेको खण्डमा अरु धेरै समस्याहरु कम हुने पक्का छ। ■

*(बस्नेत, एनआरएनए आईसीसी, कोरियासँग आबद्ध हुनुहुन्छ।)*

## गैरआवासीय नेपालीलाई मतदानमा सहभागी गराउने प्रयास

**निर्वाचन** आयोगले गैरआवासीय नेपाली नागरिकहरुलाई मतदानको अधिकार दिने प्रयासको शुरुवात गरेकोछ। निर्वाचन आयोगको रणनीति योजना २०६५ ले निर्देश गरे बमोजिम मतदाता नियमावलीमा सुधारका लागि गैरआवासीय नेपाली नागरिकहरुलाई मतदानको अधिकार दिने विषय पनि समावेश गरिएकोछ। नेपालको अन्तरिम संविधान, २०६३ ले निर्वाचन व्यवस्थापन, नियन्त्रण तथा निर्देशनको सम्पूर्ण अधिकार निर्वाचन आयोगलाई प्रदान गरेको छ।

निर्वाचन आयोगका सचिव सहित सचिवालयका अधिकारीहरु र गैरआवासीय नेपाली संघबीच २०६८ फागुन २२ मा बसेको बैठकमा सम्भाव्यता अध्ययन गरी निर्वाचन आयोग समक्ष प्रतिवेदन पेश गर्न आयोगका सचिवको संयोजकत्वमा अन्तरनिकाय प्रतिनिधित्व रहेको एउटा उच्चस्तरीय समिति गठन गरी कार्य अघि बढाउने निर्णय भएको थियो। समितिका अन्य सदस्यहरुमा गैरआवासीय नेपाली संघका अध्यक्ष, अर्थ मन्त्रालय सहसचिव राजन खनाल, गृहमन्त्रालयका सहसचिव भोलाप्रसाद शिवाकोटी, परराष्ट्र मन्त्रालयका सहसचिव अर्जनबहादुर थापा, कानून तथा न्याँय मन्त्रालयका सहसचिव राजुमान सिंह मल्ल र निर्वाचन आयोगका सहसचिव शारदाप्रसाद त्रिताल रहनु भएको छ।

अध्ययन समितिले यस प्रयोजनको लागि विभिन्न पक्षहरुको अध्ययन र विश्लेषण गरी सो सम्वन्धमा कार्यान्वयन गर्ने कार्ययोजना समेतको प्रस्ताव निर्वाचन आयोगमा पेश गर्नु पर्ने छ। यसै सिलसिलामा निर्वाचन अध्ययन समितिको २०६९ वैशाख ५ गते बसेको बैठकले गैरआवासीय नेपाली संघलाई विदेशमा रहेका नेपाली नागरिकहरुको विवरणका साथै अन्य मुलुकहरुको यस सम्बन्धी अभ्यास, नीतिगत, कानूनी तथा प्रक्रियागत व्यवस्थाकाबारेमा जानकारी उपलव्ध गराउन समेत अनुरोध गरेअनुसार विभिन्न परिषद्हरुसँग समन्वय र गैरआवासीय नेपालीहरुबाट संकलन गरिएकोअनुमानित तथ्यांकको विवरण २०१२ अप्रिल २६ का दिन संघका अध्यक्षले निर्वाचन अयोगमा बुझाउनु भएको थियो।

नेपालको संविधानले सम्पूर्ण नेपालीहरुलाई मतदानमा सहभागी गराउने प्रावधान सुनिश्चित गरेको छ। कुनै पनि नेपाली नागरिक मतदान गर्ने नैसर्गिक अधिकारबाट बञ्चित नरहन् भनेर पहल गरिएको निर्वाचन आयोगले जनाएको छ। ■

रिपोर्ट

# नागरिकता निरन्तरता प्रति प्रमुख दलहरु सकारात्मक



विश्वका १ सय १२ मुलुकहरुमा नेपालीहरु पुगेको तथ्याङ्क छ। संस्थागत किसिमले अहिले दक्षिण एसियाली मुलुक सहयोग सँगठन सार्क राष्ट्र बाहेक विश्वका मुलुकमा गैरआवासीय नेपाली संघको सम्पर्क रहेको छ। आफ्नो स्थापनाकालको आठौ वर्ष पार गरिसकेको गैरआवासीय नेपाली संघमा लाखौ नेपाली आबद्ध छन्। विदेशमा नेपाल र नेपालीको पहिचान दिलाउनका लागि अग्रसर गैरआवासीय नेपालीहरुले आर्थिक, नैतिक, भौतिक रुपमा सहयोग उपलब्ध गराएर नेपाल सरकार, निजी क्षेत्र र जनतामाझ समेत आफू पनि परिचित हुन चाहेका छन्। गैरआवासीय रुपमा विदेशमा रहेका नेपालीहरुलाई स्वदेशप्रतिको माया र केही गर्छु भन्ने चाहनालाई बुलन्द पार्न स्वेच्छाले नत्यागेसम्म नेपाली नागरिकता कायम रहनुपर्ने माग हो।

नेपालको अन्तरिम संविधान २०६३ मा उल्लेख भए अनुसार नेपाली नागरिकले अर्को देशको नागरिकता लिएमा स्वत रद्ध हुने भन्ने प्रावधान हटाएर नयाँबन्ने संविधानमा गैरआवासीय रुपमा विदेशमा रहेका नेपालीहरुको नागरिकतालाई निरन्तरता दिनुपर्ने विषय मुख्य हो। त्यसैले संघले नेपाली नागरिकता निरन्तरताका लागि अभियानमार्फत अन्तरक्रिया, छलफल, भेटघाट तथा परामर्शलाई तीब्रता दिइरहेको छ। जस अन्तरगत २०६८ साल फागुन ११ गते तदनुसार २३ फेब्रुअरी २०१२ मा संविधान लेखनका लागि सकृय सभासद,संवैधानिक समितिका सदस्य, संवैधानिक समिति अर्न्तगत गठित विवाद समाधान उपसमितिका सदस्य, राजनीतिक दलका प्रतिनिधिबीच अन्तरकृया भयो। अन्तरकृयामा संविधान सभामा संवैधानिक समिति अन्तरगत विवाद समाधान उपसमितिका सदस्यद्धय लक्ष्मणलाल कर्ण र कल्पना राणा, संवैधानिक समितिका सदस्यहरु बिमलेन्द्र निधि,खिमलाल देवकोटा, सपना मल्ल प्रधान, पुष्पा भुषाल, भीम रावल, अग्नि खरेल, राधेश्याम अधिकारी, मौलिक हक तथा राज्यको निर्देशक सिद्धान्त समितिका सदस्यद्धय गगन थापा र प्रदिप ज्ञवाली, सभासद एकराज भण्डारी, अभिषेक प्रताप शाह लगायतले आ-आफ्ना धारणा प्रस्तुत गर्नुभयो। अन्तरक्रियाबाट प्राप्त सुझावकै आधारमा संघको प्रतिनिधिमण्डलले राष्टपति, प्रधानमन्त्री, पूर्वप्रधानमन्त्री, प्रमुख तीन दलका शीर्ष नेता, संविधासभाका अध्यक्ष, संवैधानिक समितिका सभापति लगायतका सरोकारवाला व्यक्तिसँग भेटघाट गरेको थियो।

'एक पटकको नेपाली सधैंको नेपाली' मूल उद्घोषमा मातृभूमिप्रतिको सम्बन्धलाई प्रगाढ बनाउन प्रत्येक गैरआवासीय नेपालीहरु आफ्नो नेपाली नागरिकतालाई टुटाउन चाहँदैनन्। विभिन्न राजनितिक दलहरुले गैरआवासीय नेपालीहरुलाई नेपाली नागरिकताको निरन्तरता दिन सकारात्मक देखिएपनि सबैको बुझाई र टिप्पणी फरक आउनुलाई स्वभाविक ठान्नु पर्छ।

राष्ट्रपति डा रामवरण यादवले विश्वको जुनसुकै ठाउँमा रहेपनि नेपाल र नेपालीको पहिचानका लागि नागरिकताले सबैलाई एउटै दृष्टि बनाउने बताउनुभयो। प्रधानमन्त्री डा. बाबुराम भट्टराईले विदेशमा सिकेको ज्ञान, शीप, आर्जन गरेको सम्पत्तिबाट लगानी वा सामाजिक सेवा, भावना विकसित गराएर गैरआवासीय नेपालीहरुले नेपालको गरिबी निवारणमा योगदान गर्नसक्ने बताउनुभयो। अभियानकै क्रममा पूर्वप्रधानमन्त्री एवम् नेकपा एमालेका वरिष्ठ नेता माधवकुमार नेपालले विस्तृतरुपमा अध्ययन गर्न गैरआवासीय नेपालीहरुलाई सुझाब दिनुभयो। त्यसैगरी नेकपा एमालेका अध्यक्ष एवम् पूर्व प्रधानमन्त्री झलनाथ खनालले अहिलेसम्मको गृहकार्यबाट निस्केका निष्कर्षलाई बुँदागत रुपमा सम्पेषण गर्न आग्रह गर्नुभयो। संविधान सभामा प्रतिनिधित्व गर्ने दोस्रो ठूलो दल नेपाली कांग्रेसका सभापपति सुशील कोइरालालेपनि आफू र आफ्नो दल गैरआवासीय नेपालीहरुको सवालमा सकारात्मक रहेको प्रतिक्रिया दिनुभयो भने उपसभापति रामचन्द्र पौडेलले नेपाली नागरिकताको निरन्तरताका लागि सबै दलका नेता तथा मुख्य सचेतकहरुसँग परामर्श लिनुपर्ने सुझाब दिनुभयो। संघको प्रतिनिधिमण्डलसँग संविधानसभाका अध्यक्ष सुवासचन्द्र नेम्वाङले सम्वाद र छलफलको आधारमा अन्तिम विन्दुमा पुग्न सकिने भन्दै सोही आधारमा अगाडि बढ्न उपयक्त हुने बताउनुभयो।

यसैगरी संवैधानिक समितिका सभापति निलाम्बर आचार्यले विदेशमा रहेर नेपाल र नेपालीको पहिचान दिलाउन तत्पर गैरआवासीय नेपालीहरुको योगदानलाई सर्वोपरी ठान्नु पर्ने औल्याउनुभयो। विदेशमा रहेका नेपालीहरुको समस्यालाई सहज र सरल किसिमले समाधान गर्न दृढ रहेको गैरआवासीय नेपाली संघले उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठसँगको भेटघाटमा कुटनीतिक विषयको जटिलताका बारे प्रसँग राख्यो। नागरिकता कार्यदलका सहसंयोजक एवम् गैरआवासीय नेपाली संघका उपाध्यक्ष क्याप्टेन हितमान गुरुङले नेपालीको पहिचान यथावत् राख्न मात्र आवाज उठाएको बताउनुभयो।

करिब दश दिन लामो अभियानको नेतृत्व गर्नुभएका संघका अध्यक्ष जीवा लामिछानेले सरोकारवाला सबैसँगको छलफल र परामर्शबाट प्राप्त उपलब्धिहरुलाई मुल्याङ्कन गरेको बताउनुहुन्छ। नयाँ संविधान जारी नहुन्जेलसम्म गैरआवासीय नेपालीहरुको नागरिकता निरन्तरता विषय अभियानको रुपमा रहिरहने अध्यक्ष लामिछानेले बताउनुभयो। छलफलका क्रममा रहेको विषय नागरिकता सम्बन्धमा बहस चलिरहेको र राजनीतिक बाहेक सामाजिक, सांस्कृतिक अधिकार सहितको नागरिकताले कतिपय अवस्थामा विभेद ल्याउन सक्ने प्रबल सम्भावनालाई पूर्णरुपले निराकरण गरी नयाँ बन्ने संविधानमा स्पष्ट उल्लेख हुनुपर्ने चाहना हो। संघका पदाधिकारीहरु सम्मिलित अभियान मार्फत चालिएको यो भेटघाट, छलफल,अन्तरक्रिया र परामर्शले सरोकारवाला सबैलाई गैरआवासीय नेपालीहरुलाई नेपाली नागरिकताको निरन्तरता दिनका निम्ति नयाँ बन्ने संविधानमा कानूनी प्रावधानसहित उल्लेख हुनु पर्छ भनेर झन छलङ्ग पारेको छ।

नयाँ संविधानमा आफ्ना माग सम्बोधन गराउन भइरहेका सडक आन्दोलन अनि प्रमुख नेताहरुको अत्यन्तै व्यस्त समयको वावजूद अतिनै सावधानीपूर्वक नेपाली नागरिकताको निरन्तरताको अभियान निरन्तर चलिरहेको छ। कतिपय अवस्था खुल्ला तर कतिपय अवस्थामा व्यक्तिगत तहमा पनि नेपाली नागरिकताको निरन्तरता किन? भन्ने बारेमा सम्बन्धित निकाय र व्यक्तिहरुको बीचमा पुगेर निरन्तर जानकारी दिने काम भइरहेको छ। यस क्रममा २५ अप्रिल देखि ६ मेसम्म एनआरएनएका अध्यक्ष जीवा लामिछाने स्वयंले यो अभियानको नेतृत्व गरेर संविधान लेखनको कार्यमा अन्तिम सयमसम्म भूमिका खेल्न सक्ने नेतृत्व पंक्तिसँग रणनैतिक किसिमले छलफल गरेर नेपाली नागरिकताको निरन्तरताका बारेमा सकारात्मक भूमिका खेल्ने प्रतिवद्धता जाहेर गराउनु भयो।

छलफल पछि अध्यक्ष लामामिछानले यस विषयमा कुनै पार्टीका कुनै नेताहरुको बीचमा दुविधा नदेखिएको बताउनु भयो। तर संविधान बन्दासम्म यो चासो र सरोकार लाई जारी राख्ने बताउनुभयो।

विभिन्न प्रक्रिया हुँदै अब अन्तिममा प्रमुख नेताहरुको जिम्मामा संविधान लेखनको काम पुगेको प्रस्ट अनुभव गर्न सकिन्छ। त्यसैले अध्यक्ष लामिछाने नेतृत्वको टोलीले व्यक्तिगत रुपमा नेताहरुलाई नेपाली नागरिकताको निरन्तरताको विषयमा प्रतिबद्धता व्यक्त गर्न आग्रह गर्नु भएको थियो। त्यस भेटघाटको क्रममा नेपाली नागरिकता निरन्तरता सम्बन्धी कार्यदलले विभिन्न कानूनविद् र विज्ञहरुसँगको सल्लाहमा तयार गरेको मस्यौदा पनि हस्तान्तरण गर्नु भएको थियो। जुन मस्यौदामा गैरआवासीय नेपालीको नागरिकताको लागि संविधानमा कस्तो कुरा उल्लेख गरिदिनु पर्छ भन्ने उल्लेख गरिएको छ।

यो मस्यौदालाई विभिन्न दलका नेता र सभासदहरुले अत्यन्तै सकारात्मक रुपमा लिनुका साथै संविधानमा यो विषय उल्लेख गर्न कटिबद्ध भएको जनाएको अध्यक्ष लामिछानेले बताउनुभयो। ■

# बढ्दैछ सहयोगी हात



उपलब्ध उपकरणहरू हस्तान्तरण पछि अस्कल प्रयोगशालामा अवलोकन गर्दै अध्यक्ष लगायत पदाधिकारीहरू ।

**स्थापनाकाल** देखिनै नेपालका विभिन्न सामाजिक कार्यमा आफ्नो योगदान गर्दै आएको गैरआवासीय नेपाली संघले थप परोपकारी योजनालाई अगाडि बढाएको छ । पाँचौं विश्व सम्मेलनको घोषणापत्रमा विभिन्न मुलुकहरुमा रहेका राष्ट्रिय समन्वय परिषद्हरुले सन् २०११-०१३ को कार्यअवधि भित्र कम्तीमा पनि एउटा परोपकारी योजना नेपालमा गर्ने उल्लेख गरिएको छ । त्यसै अनुसार अधिकांश राष्ट्रिय समन्वय परिषद्हरुले नेपालमा परियोजना गर्नको लागि आवश्यक प्रक्रिया अगाडि बढाई रहेका छन् । परोपकारी अभियानलाई अझ व्यापक र सशक्त रुपमा अगाडि बढाउनको लागि छुटै कोषको स्थापना समेत गरेको छ । संघले नेपालमा परोपकारी योजनाको कार्यान्वयनको लागि हेल्प नेपाल र नेपाल लाईब्रेरी फाउण्डेसनसँग सहकार्य गर्ने सम्झौता गरेको छ ।

१ मार्च २०१२ मा गैरआवासीय नेपाली संघको सचिवालय काठमाण्डैंमा आयोजित कार्यक्रममा संघका अध्यक्ष एवं परोपकारी कार्यदलका सभापति जीवा लामिछानेले १० लाख रुपैयाँ नेपाल लाइब्रेरी फाउण्डेसन र हेल्प नेपाललाई हस्तान्तरण गर्नुभयो । सोही कार्यक्रममा दश वटा Wheel Chair, कौडण्य ऋषि आश्रम, Crutches for the Blind, देवघाट वृद्धाश्रम, स्व लक्ष्मी लामाको परिवार, स्व राजेन्द्र गुरुङको परिवार र सरिता डिसीको उपाचारार्थ सहयोग प्रदान गरियो । हस्तान्तरण गरिएको रकम र सामग्री एनसिसि जर्मनी र तमु समाज, एनसिसि जापान, एनसिसि युके, नेपाली नारीनिकुन्ज रुस, एनसिसि अमेरिकाका र डेनमार्कका गैरआवासीय नेपालीद्वारा सहयोग स्वरुप प्रदान गरिएको हो ।



यसैगरी MONA, UK संस्थाको सहयोगमा उपलब्ध गराइएको तीन वटा एम्बुलेन्स संघका अध्यक्ष लामिछानेले म्याग्दी रेडक्रसलाई हस्तान्तरण गर्नुभयो । पाँचौ विश्व सम्मेलन पश्चात २०११ अक्टोबरदेखि २०१२ फेब्रुभरीसम्म विभिन्न राष्ट्रिय समन्वय परिषद्हरु (नाइजेरिया, मलेसिया, डेनमार्क, जापान, पोल्याण्ड, रुस, जर्मनी, इटाली, स्वीटजरल्याण्ड र युके) र विभिन्न मुलुकमा रहनु भएका नेपाली तथा संघ संस्थाहरुले करिब १ करोड ७१ लाख रुपैया बराबरको सहयोग उपलब्ध गराइसकेका छन् । जसमध्ये शिक्षा क्षेत्रमा ५२ लाख, स्वास्थ्य क्षेत्रमा १ करोड ४ लाख र सामाजिक क्षेत्रमा १५ लाख जति परियोजना संचालनको लागि प्रदान गरिसकिएको संघका अध्यक्ष लामिछनेले जानकारी दिनुभएको छ ।

### अस्कल क्याम्पसलाई उपकरण

गैरआवासीय नेपाली संघको पहलमा अमृत साइन्स क्याम्पसलाई २५ लाख रुपैया बराबरका उपकरण हस्तान्तरण गरिएको छ । बेलायतको लिभरपुल विश्वविद्यालयमा प्राध्यापन गर्दै आएका गैरआवासीय नेपाली संघका प्रवक्ता डा. हेमराज शर्माको पहलमा सो विश्वविद्यालयसँग समन्वय गरी भौतिकशास्त्र अध्ययनमा उपयोगी हुने उपकरण तथा सामग्री उपलब्ध भएको थियो । अमृत साइन्स क्याम्पसमा भएको सामग्री हस्तान्तरण कार्यक्रममा संघका अध्यक्ष जीवा लामिछानेले हरेक क्षेत्रमा सामाजिक सेवा पुर्‍याउने लक्ष्य अनुसार विज्ञान विषय पढाई हुने नेपालको सबैभन्दा पुरानो क्याम्पसलाई केही भौतिक सामाग्री उपलब्ध गराउन गैरआवासीय नेपालीहरुले गरेको प्रयासलाई सहयोगी हात ठान्न आग्रह गर्नुभयो । संघका प्रवक्ता डा शर्माले आफू पनि विज्ञानको विद्यार्थी भएकाले व्यवहारिक अध्ययनमा सही उपकरणले सिकाउने ज्ञानलाई अझ बढी उपयोगी बनाउन समन्वयकर्ताको भूमिका निर्वाह गरेको बताउनुभयो । अमृत साइन्स क्याम्पसका सहायक क्याम्पस प्रमुख डा. देवेन्द्रमान बज्राचार्यले विदेशमा रहेर पनि नेपाल र नेपालीका लागि केही गर्छु भन्ने भावनाबाट ओतप्रेत भएर उपलब्ध गराएको सहयोगप्रति डा शर्मा सहित सिंगो गैरआवासीय नेपाली संघप्रति क्याम्पस सधै आभारी रहेको बताउनुभयो । लिभरपुल विश्वविद्यालयले उपलब्ध गराएको सामाग्री नेपालसम्म ल्याउन ३५ सय डलर लागेको थियो, जुन रकम गैरआवासीय नेपाली संघका अध्यक्ष लामिछाने, अन्य पदाधिकारी तथा सदस्यहरुबाट संकलित गरिएको थियो । ■



## अध्यक्ष सल्लाहकार बोर्डमा



**नेपाल** सरकारले गठन गरेको गैरआवासीय नेपाली सम्बन्धी सल्लाहकार बोर्डमा गैरआवासीय नेपाली संघको तर्फबाट अध्यक्ष जीवा लामिछानेलाई मनोनित गरिएको छ । २१ बैसाख २०६९ को मन्त्रीपरिषद् बैठकले राष्ट्रिय योजना आयोगका उपाध्यक्षको अध्यक्षतामा गैरआवासीय नेपाली सम्बन्धी सल्लाहकार बोर्ड गठन गर्ने निर्णय गरेको थियो ।

गैरआवासीय नेपाली सम्बन्धी ऐन २०६४ को धारा १५ मा व्यवस्था भए वमोजिम गठित उक्त बोर्डमा गैरआवासीय नेपाली संघ र नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष सहित सात सदस्य रहनेछन । वोर्डले विदेशी लगानी सम्बन्धी नीति तथा कानून, गैरआवासीय नेपालीको लगानी, गैरआवासीय नेपालीहरुबीच सुमधुर सम्बन्ध कायम गर्ने लगायतका विषयमा नेपाल सरकारलाई सुझाव दिने बताइएको छ । ■

## अध्यक्ष लामिछानेद्वारा एम्बुलेन्स हस्तान्तरण



**बेलायतमा** बसोबास गर्दै आएका म्याग्दी जिल्लाका बासिन्दाहरुको संस्था MONA UK ले म्याग्दीवासीका लागि सहयोगार्थ पठाएको तीन वटा एम्बुलेन्स हस्तान्तरण गरिएको छ । गैरआवासीय नेपाली संघका अध्यक्ष जीवा लामिछानले २०१२ फेब्रअरी २८ का दिन म्याग्दी जिल्लामा आयोजना गरिएको एक कार्यक्रममा ती एम्बुलेन्सहरु हस्तान्तरण गर्नुभयो ।

कार्यक्रममा अध्यक्ष लामिछानेले गैरआवासीय नेपाली संघ परोपकारी कार्यदल अन्तर्गत संचालन भएका कृयाकलापहरु र भावी कार्यक्रमबारे समेत जानकारी दिनु भएको थियो । हस्तान्तरण कार्यक्रममा एनसिसि युकेका अध्यक्ष कुल आचार्यको पनि सहभागिता रहेको थियो । ■

# सामूहिक लगानीमा बन्दैछ माहोल



**सामूहिक** लगानीकोष मार्फत् नेपालमा लगानी गर्ने अभियानलाई एनआरएनएले तीव्रता दिएको छ। आवश्यक प्रक्रिया मिलाउनुका साथसाथै लगानीमा धेरैभन्दा गैरआवासीय नेपालीलाई सामेल गराउन संघका अध्यक्ष जीवा लामिछाने विभिन्न देशमा पुगेर अर्न्तक्रिया र छलफलमा केन्द्रीत हुनुभएको छ। नेपालमा बढ्दो उर्जा संकटलाई ध्यानमा राखेर एकसय मेगावाटको जलविद्युत परियोजना निर्माणमा अहिलेको सामूहिक लगानीको अभियान थालिएको हो। नेपाल सरकारले सन् २०१२ लाई लगानी वर्ष घोषणा गरेसँगै सामूहिक लगानीमा गैरआवासीय नेपालीले देखाएको चासोलाई नेपालमा पनि अत्यन्त सकारात्मक रुपमा लिइएको छ।

सामूहिक लगानीको लागि जापानमा भएको अर्न्तक्रिया कार्यक्रममा जापानका लागि नेपाली राजदुत डा. मदनकुमार भट्टराईले लगानीका लागि आफूलेले गर्नुपर्ने सम्पूर्ण सहयोगका लागि तयार भएको बताउनु भयो। उहाँले भन्नुभयो "नेपालको विकास गर्न आफूहरुको पनि कर्तव्य ठानेर एनआरएनहरुले अघि बढाएको यो अभियानले म मात्रै होइन सबै नेपालीलाई खुसी बनाएको छ।" नेपाल सरकारले विगत केही वर्षदेखि गैरआवासीय नेपालीहरुको लगानीलाई विशेष प्राथमिकतामा राखेको छ। नेपाल सरकारको आग्रह अनुसार १०० मेघावाट विद्युत परियोजना, पर्यटन, कृषि, चिकित्सा तथा भौतिक पूर्वाधार लगायतका क्षेत्रहरु कोषको प्राथिमकतामा परेका छन्।

संघका अध्यक्ष लामिछानको उपस्थितिमा जापानको टोकियो लगायत चीनको ग्वान्जाओ र हङकङको जोडर्नमा गैरआवासीय नेपालीको सामूहिक लगानी सम्बन्धी बृहत अन्तरक्रिया सम्पन्न भएका छन्। एनआरएनको पाँचौ विश्व सम्मेलनले सामूहिक लगानी गर्नसक्ने घोषणापत्र जारी गरेकोले नाफामुखी कम्पनी दर्ता गरी पूँजी र शीपलाई एकीकृत गर्दै नाफामूलक परियोजना संचालनमा ल्याइन लागेको हो। एक लाखदेखि एक करोड रुपैयासम्म लगानी गन सक्ने सामूहिक लगानी कोषको अवधारणमा उल्लेख छ। धेरैले सामूहिक लगानीलाई विदेशमा बस्ने सम्पूर्ण नेपालीहरुलाई देश विकासमा जुट्नलाई समेट्ने माध्यमको रुपमा पनि लिएका छन्। विविध पेशा र व्यवसायमा संलग्न झण्डै ३० लाख नेपाली विदेशमा छन् भने विश्वका ६० देशमा एनआरएन एनसिसि गठन भैसकेका छन्।

सामूहिक लगानीबारे कतारमा ७ मार्चमा भएको कार्यक्रममा संघका अध्यक्ष लामिछानेले नेपालमा गर्न लागेको लगानी महत्वपूर्ण क्षेत्रमा भएको भन्दै ढुक्क साथ लगानी गर्न सबैलाई आह्वान गर्नुभयो। सचिव, सल्लाहाकार, मध्यपूर्वका क्षेत्रीय संयोजक, पूर्व संयोजक, आइसिसि प्रतिनिधिहरु र एनसिसि कतारका अध्यक्ष तथा पदाधिकारी तथा सदस्यहरु लगायत विभिन्न संघ संस्थाका प्रतिनिधिहरुको सहभागिता भएको त्यस कार्यक्रममा अधिकांशले देश विकासमा एनआरएनहरुको पनि दायित्व भएकाले प्रवासमा रहेका नेपालीहरुले सामूहिकरुपमा नेपालको विकासका लागि लगानी गर्ने प्रतिवद्धता व्यक्त गर्नुभएको थियो।

कर्मभूमिमा खर्चेको शीप र जाँगरबाट प्राप्त कमाईले आफनो जीवनयाँपन सुखद् बनाउदै जन्मभूमिप्रतिको विकासमा लागिपर्नु साँच्चिकै सराहनीय काम हो। देखेको र भोगेको अनुभवले नेपाल र नेपालीको पहिचानलाई अझ मजबूत बनाउने उपयुक्त नमूना बन्ने आशामा अगाडि बढिरहेको छ, सामूहिक लगानी कोष अभियान।

नेपालमा एक सय मेगावाटको जलविद्युत परियोजना निर्माणका लागि करिब १५ देखि १६ अर्ब रुपैयाँ सम्म लगानी चाहिने भएकाले आफूले गर्न सक्ने जति लगानी गर्न अध्यक्ष लामिछानेले अनुरोध गर्नुभयो। सो विद्युत आयोजना निर्माणमा ३० प्रतिशत एनआरएन र ७० प्रतिशत बैकहरुको लगानी रहने छ। नेपाल सरकारले २०१२/२०१३ लाई लगानी वर्ष घोषणा समेत गरिसकेकाले एनआरएनलाई लगानी गर्न उचित मौका भएको अध्यक्ष लामिछानेले बताउनु भयो।

२४ मार्चमा एनआरएनए हङकङको आयोजनामा भएको कार्यक्रममा क्षेत्रीय एसिया प्रशान्त क्षेत्रका संयोजक त्रिलोक गुरुङले एनआरएनले गर्ने सामूहिक लगानीले नेपालको विकासमा केही हदसम्म भएपनि राहत दिलाउने बताउनु भयो।

त्यस्तै गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् चीनद्वारा मार्च २६ मा ग्वोन्जाओ सहर आयोजित " गैरआवासीय नेपालीको सामूहिक लगानी कोष" सम्बन्धी बृहत अन्तरक्रियामा नेपाल चीन मैत्री व्यापार संघ र नेपाल हिमालय सीमापार बाणिज्य संघले आ-आफ्नो सस्थाको तर्फबाट सक्दो सहयोग गर्ने प्रतिबद्धता गराए। ■

■ खेमनाथ पौडेल

# खाडीमा नेपाली

**वैदेशिक** रोजगारमा हाल खाडी राष्ट्रहरुमा करिब २० लाख नेपालीहरु रहेको अनुमान गरिएको छ। साउदी अरब, कतार, यूएई, बहराईन, ईजरायल, कुवेत, लेवनान साथै मलेसिया वैदेशिक रोजगारका मुख्य गन्तव्य हुन्। विभिन्न खाडी राष्ट्रहरुमा नेपालीहरुका समस्याहरु पनि भिन्दा-भिन्दै छन्।

## साउदी अरब

साउदी अरबमा करिब ६ लाख नेपाली रहेको अनुमान गरिएको छ। ती मध्ये करिब १ लाखको हाराहारीमा दर्ता नगरिएका, भगौडा तथा घरेलु महिला कामदारहरु छन्। महिलाहरुको संख्या ५०-६० हजार रहेको अनुमान गरिएको छ।

साउदी अरबमा कामदारहरुको अवस्था समग्रमा भन्नुपर्दा अत्यन्त नाजुक रहेको छ। ठगी, अनियमितता र बिचल्ली बढ्दो क्रममा छन्, साउदी अरबमा नयाँ राजदूत आएपछि भने केही सुधार भएका छन् र कति कुरा सुधारोन्मुख पनि छन्। महिला र भगौडाको स्थिति अझै विकराल छ। साउदी अरब वैदेशिक रोजगार दलाललाई बरदान, कामदारलाई अभिशाप सिद्ध भएको छ।

## यूएई

यूएईमा हाल करिब २ लाखको हाराहारीमा नेपालीहरु भएको अनुमान गरिएको छ। जसमध्ये महिलाहरुको संख्या १०-१५ हजारको हाराहारीमा रहेको बताइन्छ। यूएईमा अहिले घरेलु कामदारहरु भन्दा अन्य पेशामा पनि महिलाहरु भित्रिएका छन्। मनी एक्सचेन्ज, सुपरमार्केट, डिपार्टमेन्टल स्टोर, होटल, बैङ्क आदि क्षेत्र अहिले नेपाली महिला कामदारको आकर्षणको विन्दु मानिएको छ भने अन्य खाडी राष्ट्रहरुभन्दा यूएईमा दक्ष जनशक्ति भित्रने क्रम जारी छ।

## कतार

खाडी राष्ट्रहरुमध्य कतारमा करिब ३ लाखको हाराहारीमा नेपालीहरु रहेको अनुमान गरिएको छ। यूएईमा जस्तै कतारमा पनि अहिले गैरआवासीय नेपालीहरु प्राय लगानीतर्फ पनि अग्रसर रहेको देखिएको छ भने अर्धदक्ष कामदारहरुको समस्या कतारमा पनि जस्ताको तस्तै छ। सानो देश भएको र नेपालीहरु बढी भएको हुनाले समस्या परेका नेपालीहरुको उद्धार तत्कालै हुने गर्दछ। महिलाहरुको संख्या कतारमा लगभग २० हजारको हाराहारीमा भएको अनुमान छ। घरेलु कामदार साथै अन्य पेशाहरुमा पनि कतार अहिले महिलाहरुको आकर्षक केन्द्र भएको छ। विभिन्न पेशा, व्यवसाय गरेर बसेका नेपालीहरुको बाक्लो उपस्थिति भएको हुनाले कतारबाट संयुक्त लगानी कोषमा अन्य देशको तुलनामा बढीनै लगानी हुने अपेक्षा गरिएको छ। ■

*(पौडेल, एन आरएनए आइसिसि मिडिया टास्कफोर्सका सदस्य हुन्)*

फोटो हिमाल खबरपत्रिका



विशेष अन्तर्वार्ता

# "राष्ट्र निर्माणको शसक्त साधन नै 'नागरिकताको निरन्तरता' हो"



**गैरआवासीय नेपाली संघका संरक्षक रामप्रताप थापा, संघद्वारा गठित नेपाली नागरिकताको निरन्तरता सम्बन्धी कार्यदलका संयोजक पनि हुनुहुन्छ । संघको स्थापना कालदेखि सक्रिय थापाले दुई कार्यकालसम्म उपाध्यक्ष तथा अनुशासन समितिको अध्यक्षको जिम्मेवारी पनि सम्हाली सक्नु भएको छ । प्रस्तुत छ उहाँसँगको कुराकानीका मुख्य अंश ।**

**पाँचौं एनआरएन युरोपियन बैठक निदरल्याण्डमा हुँदैछ । सुरूदेखिनै सक्रिय सहभागि हुनुभएको नाताले यो बैठकको उद्देश्य के हो ?**

आगामी जुन १-३ सम्म हुन लागेको बैठक लण्डनबाट शुरु भएको यूरोपीयन एनआरएनको नियमित वार्षिक भेलाको निरन्तरता हो। झण्डै आधा संख्याभन्दा बढी एनसिसि भएको यो क्षेत्रमा हुने बैठकले मुख्यत: पारस्परिक समझदारी बढाउने, नीति कार्यान्वयनमा एक रुपता ल्याउने, संजाललाई सुदृढ पार्नेदेखि भएका कामहरुको समीक्षा गर्ने र आगामी कामलाई व्यवस्थित र एक रुपताका साथ अगाडि बढाउने बारेमा छलफल गर्नेछ। मलाई के विश्वास छ भने बैठक औपचारिकतामा भन्दा परिणाम निकाल्नमा पूर्णत: सफल हुनेछ।

**तपाई नागरिकता निरन्तरता कार्यदलको संयोजक हुनुहन्छ, नयाँ संविधानमा गैरआवासीय नेपालीको नागरिकताको लागि कस्तो पहल भएको छ ?**

सन् २००३ देखिनै हाम्रो गम्भिर चासो र सरोकारको एक प्रमुख विषय नागकिताको निरन्तरता नै हो। संयोजकको हैसियतमा भन्नुपर्दा निरन्तर पहलका कारण अहिले हामी अन्तिम चरणमा छौं। तर पनि हामीले नागरिकता प्राप्त गर्ने कुरा सुनिश्चित नभएसम्म आन्तरिक र खुल्ला रुपमा छलफल गर्न आवश्यक ठानेका छौं। छलफल गर्ने दौरानमा हामीले खुलारुपमा बहस चलाउनेदेखि प्रत्येक नेता तथा संविधानसभाका सदस्यहरुलाई व्यक्तिगत तहमा फरक फरक ढंगले कुराकानी गरिरहेका छौं।

दुई वर्ष अगाडिनै नागरिकताको निरन्तरता सम्बन्धी एक अध्ययन सहित अवधारणा तयार गरियो भने अहिले अन्तिम समयमा हामीले संविधानमा राख्न खोजेको मस्यौदा नै तयार पारेर सम्बन्धित नेता, सभासद् र कर्मचारीको हातमा पुऱ्याएका छौं। गएको अक्टोबर, यसै वर्षको फेब्रुअरी र अप्रिलमा नेपालमा हाम्रो टोलीले विभिन्न दलका नेतादेखि संविधान सभाका सदस्यलगायत सम्बन्धित व्यक्तिहरुसँग छलफल चलाएको थियो। नेपाली नागरिकताको विषय गम्भिर विषय भएको हुनाले कतिपय छलफल हामीले नितान्त व्यक्तिगत तहमा चलायौं। जसको बारेमा कार्यदलका सदस्य, एनसिसि र आईसिसि सबैलाई नियमित जानकारी हुँदै आएको छ। यसको परिणाम अवको संविधानमा देखिन्छ भन्ने बिश्वास हामीलाई बढेको छ। पछिल्लो समयम हाम्रो अध्यक्ष जीवा लामिछाने, संस्थापक अध्यक्ष उपेन्द्र महतो, उपाध्यक्ष क्याप्टेन हितमान गुरुङ लगायत एनसिसि र आईसिसिका सदस्यहरुबाट अभियानमा भइरहेको सक्रिय सहयोग र सहभागिताले यस कार्यदललाई थप उत्साह मिलेको छ।

**पहिले दोहोरो नागरिकताबीचमा नागरिकताको निरन्तरता र अहिले गैरआवासीय नेपाली नागरिकता भन्नुको अर्थ के हो ?**

'दोहोरो नागरिकता' भनेको संसारमा प्रचलित प्राविधिक शब्द हो। यहि शब्दमात्रै राख्दा हुन्थ्यो तर यसले केहीलाई 'दोहोरो' भन्ने शब्दले भ्रम पारेको पाइयो। हाम्रो उदेश्य त शब्दमा होइन अन्य मुलुकको नागरिकता लिएका व्यक्तिका सन्ततिले नेपालसँग सम्बन्ध भएर देशको लागि सहयोग गर्न सकुन् भन्ने हो। जसको लागि अन्य मुलुकको नागरिकता लिंदा नेपाली नागरिकता स्वत: खारेज हुने वा छोड्नु पर्ने प्रावधान खारेज हुनुपर्छ।

**खास गरी दोश्रो पुस्ताका गैरआवासीय नेपालीहरूले नेपाललाई कसरी योगदान पुऱ्याउने देख्नुहुन्छ ?**

नेपाली नागरिकताको निरन्तरताको लागि गरिएको यो प्रयास वास्तवमै दोश्रो पुस्ताका सन्ततिहरुलाई हेरेरै हो। उनीहरुलाई नेपालको विकासका लागि सहभागी गराउने प्रमुख साधन नै नागरिकता हो। नेपाली नागरिकताको निरन्तरताको प्रावधान कायम गरिएपछि लगानी र सीप नेपालमा भित्रिने बाटो सँधैका लागि खुल्ला हुन्छ, जुन राष्ट्र निर्माणको शसक्त साधन हो।

**संयुक्त लगानीबारे के कस्तो प्रगति भएको छ ?**

संयुक्त लगानीको कुरा स्थापना देखिनै हुदै आएपनि यसले गत वर्षदेखि बाटो पक्रिएको छ। यो एक वर्षको अवधिलाई हेर्ने हो भने निकै प्रगति भएको छ। यसमा अवधारणा तयार गर्नेदेखि अन्य कामका लागि प्रत्येक एनसिसि अन्तर्गत समिति खडा गरेको छ। व्यक्तिगत लगानीमा प्रमुख स्थान मुनाफाको हुन सक्छ भने सामुहिक लगानीमा मुनाफाको साथै यसको सामाजिक पक्षलाई महत्व दिँदै लागनीका क्षेत्रको छनौट गर्नुपर्छ। त्यसैले अब चाँडै नै ठोस लगानीको प्रस्ताव सबै सामु आउने छ भन्ने कुरामा विश्वस्त हुने अवस्था बनिसकेको छ।

**एनआरएन अभियानको अगुवा मध्ये एकका हैसियतले भन्दा नौ वर्षलाई कसरी समीक्षा गर्नुहुन्छ ?**

एकै शब्दमा भन्दा हाम्रो अभियान अत्यन्तै सहि बाटोमा गएको छ। बिशेषगरी हाम्रो मातृभूमिप्रतिको श्रद्धा सहयोग अहिले जस्तै भैरहेमा एनआरएन अभियानबाट संस्थागत रुपमा राम्रो विकास हुने आधारहरु यो बीचमा देखिएको छ। हामी सुरुदेखिनै संस्थागत रुपमा लाग्यौं त्यसैको परिणाम आज ६१ देशमा एनसिसि स्थापना भएका छन्। अब हामी कार्यान्वयनको चरणमा प्रवेश गरेका छौं। जुन हाम्रो सपना र आकांक्षालाई सफल बनाउने चरण हो।

**६१ देशमा फैलिएको एनआरएनको सञ्जालसँगै व्यवस्थापन, संयोजन र अनुशासन कायम गर्न कुनै चुनौती पनि देख्नुभएको छ की ?**

छोटो समयमा द्रुतगतिमा अभियानले पाएको सफलताले गर्दा यसको व्यवस्थापन र संयोजनमा पक्कै चुनौती छ। स्वेच्छिक र समाजिक संस्था भएकोले पनि केही समस्या देखिन्छन्। तर स्थापनाकालदेखिको मेरो अनुभवका आधारमा भन्ने हो भने यसको पवित्र उदेश्यमा आँच आएको छैन र पछिका दिनमा त्यो आउन नदिनेतर्फ सबैको ध्यान जानुपर्छ।

**संरक्षकको हैसियतले संघ कसरी अगाडि बढोस् भन्ने चाहनुहुन्छ ?**

एनआरएन जुन पवित्र उद्धेश्यले शुरु गरिएको थियो सो अनुरुप सुदृढ रुपमा नेपालको निर्माणमा एक विश्वासिलो सहयोगी संस्थाको रुपमा विश्वभर नेपालको स्वच्छ छवि कायम राख्दै अगाडि बढिरहोस्। कुनै किसिमका राजनीतिक बिचार विना संस्था अगाडि बढोस् भन्ने मेरो चाहना छ।

**विगत एक दशकदेखि व्यक्तिगत श्रोत र समय खर्चेर एनआरएनको अभियानमा निरन्तर लागि रहन तपाइलाई के ले अभिप्रेरित गऱ्यो ?**

म बाध्यतावस् लामो समयदेखि आफ्नो कर्मभूमिभन्दा बहिर बसेर काम गरेको व्यक्ति हुँ। डा.उपेन्द्र महतो, जीवा लामिछानेले एनआरएनको लागि देखाउनु भएको मोटिभेसनले मलाई पनि तानेको हो। जसले मलाई स्वभाविक रुपमा अभियानको आवश्यकताको विश्वास दिलायो र अभिप्रेरित गरायो। मेरो बुझाईमा यस किसिमको अभियान सँधै आउने होइन र खोजेर वा किनेर पाईने पनि होइन। यस संस्था प्रतिको श्रद्धा अनि नेपालसँग गाँसिएको भावनाले गर्दा व्यक्तिगत स्रोत साधन, समय खर्चेर निरन्तर नौ वर्षसम्म यो अभियानमा लाग्दा अलिकति पनि थाकेको महसुस मैले गरेको छैन। हाम्रो एक अर्काप्रतिको सौहार्दता, समझदारी नै यसमा लाग्ने प्रेरणाको श्रोत हो। ■

विचार



सरू जोशी श्रेष्ठ



# वैदेशिक रोजगार रेमिटेन्स र एनआरएन

दश वर्षको द्वन्द्वमा १५ हजार बढीले ज्यान गुमाए, तर मुलुक बाँचिमात्र रहेन, यस्तो प्रतिकूल परिस्थितिमा पनि गरिबी ४२ प्रतिशतबाट ३१ प्रतिशतमा घट्यो। कृषि, उद्योग, पर्यटन, धरासायी भएका बेला वैदेशिक रोजगार स्वतस्र्फुत आर्थिक क्षेत्रको रुपमा स्थापित भयो। मुलुकलाई चलायमान बनाइराख्न ठूलो टेवा पुऱ्याएकोले शान्ति प्रयासमा रेमिटेन्स् पठाएर योगदान पुऱ्याउनेको पनि मोहियानी हक लाग्दछ। दैनिक करिब १५ सय र वार्षिकरुपमा ३ लाख ५० हजार नेपाली युवा वैदेशिक रोजगारीमा जाने गर्छन्। यसले कुल ग्राहस्थ उत्पादनमा २३ प्रतिशत योगदान पुऱ्याएको छ। गत वर्ष मात्र २ सय ५८ अर्ब औपचारिक क्षेत्रबाट रेमिटेन्स् भित्रियो, यसले गरिबी २५ प्रतिशतमा घटेकोले पनि वैदेशिक रोजगार मुलुकको, एनआरएनको प्राथमिकतामा पर्नु स्वभाविक छ।

त्रिवर्षीय योजना २०६७-२०७० ले स्वदेशी तथा विदेशी श्रम बजारमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्तिको उत्पादन गरी रोजगार सृजना र गरिबी निवारण गर्ने लक्ष्य राखेको छ। यसलाई नियमन गर्न वैदेशिक रोजगार नीति २०६८, ऐन तथा नियमावली २०६४ बनिसकेको छ भने वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार प्रबर्द्धन बोर्ड जस्ता संरचना बनेका छन्। कामदारका लागि बीमा, मृत्यु, क्षतिपूर्ति, घरेलु कामदार सम्बन्धी कार्यविधि लागू गरिएका छन्। तथापी वैदेशिक रोजगारको भूमण्डलिकरण र बहुआयमिकतालाई धान्न नेपाल सरकारको संरचनात्मक क्षमता अभिवृत्ति गर्दै यसको स्थानीयकरण गर्ने चुनौती टड्कारो छ।

एनआरएनले मुख्यरुपमा नेपाली कामदारको गन्तव्य रहेका देशमा कुन आवश्यक छ भनेर रेमिटेन्स्का लागि ठोस सुझाव दिनसक्छ। रेमिटेन्स् बढ्दा मुलुकलाई आर्थिक लाभ त हुन्छ नै, यसले कामदारको हैसियत पनि सुनिश्चित गर्छ। अर्को नेपालीले चित्त दुखाउनु पर्ने कुरा, २८ वटा ध्वजाबाहक बिमानले रेमिटेन्स् विदेश नै लगि रहेका छन्। त्यसो भए रेमिटेन्स्को प्रत्यक्ष वा परोक्ष लाभ कहाँ पुगेको छ, बहस आवश्यक छ। विदेशबाट फर्कने कामदारलाई आफ्नो शीप र कमाएको पैसा लगानी गर्ने छरितो स्कीम पस्कन सके वैदेशिक रोजगारीको उपलब्धिलाई दीगो बनाउन सकिन्थ्यो, यस्ता मिसम्याच उपर बहस र योजनाको खाँचो छ। लगानी वर्ष घोषणा भएको बेला एनआरएनले खाडी, मलेसिया जस्ता देशका नेपालीलाई ध्यान दिन आवश्यक छ किनभने रेमिटेन्स् धेरै पठाउने र जोखिममा पर्ने यिनै मुलुकका नेपाली हुन्।

एनआरएनले वैदेशिक रोजगारीमा खेल्न सक्ने भूमिका ठगी नियन्त्रण पनि हो। वैदेशिक रोजगारीलाई जोखिमपूर्ण, महंगो बनाउन विदेश स्थित नेपाली दूताबासले पनि चलखेल गरिरहेको गुनासो सुनिन्छ। यसले वैदेशिक रोजगारीलाइ अमर्यादित मात्रै बनाएको छैन, बलकी यसको सामाजिक मूल्य अत्यन्तै बोझिलो बन्दै गएको छ। प्रत्येक दिन नेपाल आउने ३ युवाको लाशले वृद्ध अभिभावक, बिधवा श्रीमती र टुहुरा बालबच्चाको भविष्य निर्धारण गर्दछ। अधिकांश महिला भारतहुँदै एजेन्ट मार्फत जाने भएकाले थप जोखिममा छन्, एजेन्ट मार्फत जानेले बीमा, क्षति पूर्ति पाउँदैनन्। सँगैको पुरुषले संस्थागत गएकाले क्षतिपूर्ति पाउने तर, महिलाले नपाउने परिस्थिति छ। वैदेशिक रोजगारले पारिवारिक विखण्डन, हाडनाता करणी, हत्या, हिंसा पनि बढाएको छ।

यी कुरालाई सम्बोधन गर्न यरोपियन युनियन र युएन वुमनको सहयोगमा एनआरएन तथा नीडसद्वारा एक अध्ययन गर्ने सहकार्य भएको छ। एनआरएनले उद्धार, लगानी र ग्रामिण स्तरमा सूचना प्रवाह गर्न गरेको प्रयास सहरानिय छ। अहिले मुलुकले शान्ति पछि समृद्धि अनि आर्थिक क्रान्ति खोजेको छ। वैदेशिक रोजगारी दीगो विकल्प होइन, गाउँमा युवा निखिनु, खेत बाँझो रहनु, बढ्दो सामाजिक मूल्य राम्रा सूचक होइनन् तर यसको विकल्प पनि तत्काले देखिँदैन। विदेशबाट आउने हरेक नेपाली राष्ट्रभक्त भएर आएका छन्, माटोको माया गर्ने नागरिक देशको सबैभन्दा ठूलो पूँजी हो। यदि वैदेशिक रोजगारी अहिलेको यथार्थ हो भने, ६१ देशमा फैलिएको एनआरएनले नेपालीको पहरेदारी गर्न र वैदेशिक रोजगारीलाई व्यक्ति, परिवार र मुलुकको हकमा बनाउन कामदार र सरकार बीच पुलको काम गर्न सक्छ।

नेपालले यस वर्ष प्रत्येक गाउँको बजेटमा १५ पतिशत बिनियोँजन गरी दीर्घकालीन कृषि नीति तर्जुमा गर्न लागेकाले नेपाली भूमिमा विदेशको राम्रो मोडेल प्रयोग गर्ने अवसर छ। यसमा त्रिवर्षीय योजना, बैदशीक रोजगार नीतिले एनआरएनको स्पष्ट भूमिका तय गरेकोले परिणममुखी सहकार्यको बलियो सम्भावना छ। ■

*(श्रेष्ठ, युएन वुमनको नेपालस्थित कार्यालयमा कार्यरत् हुनुहुन्छ।)*

लेख

भूषण घिमिरे

# खेर गैरहेको छ जापानको अवसर

नेपालीहरुका लागि २०औं शताब्दीको उत्तरार्ध श्रम बेचेर धन कमाउने सपनाको मुलुक बन्न पुगेको जापानमा अहिले अध्ययन अनुसन्धान र रोजगारीका साथै व्यवसाय गर्ने नेपालीहरुको संख्या उल्लेख्य रुपमा बढ्दै गएको छ। पछिल्लो तथ्याङ्क अनुसार जापानमा नेपालीहरुको आधिकारीक संख्या १७ हजार ५२५ छ। यो संख्यामा बाहुल्यता कुक भिसामा जापान प्रवेश गरेर रेष्टुरेन्टहरुमा काम गर्नेहरु र उनीहरुका परिवारको छ। खासगरी नेपाली, भारतीय, पाकिस्तानी, बंगलादेशी र जापानी व्यवसायीहरुले संचालन गर्दै आएका नान, करी रेष्टुरेन्टमा कुकको काम गर्न नेपालीहरु रोजाइमा परिरहेका र भिसा पनि सहजै उपलब्ध हुने गरेको थियो। तर, त्यस्ता रेष्टुरेन्ट विस्तारको सम्भावना कम हुँदै गएको र भिसा पनि सजिलोसँग उपलब्ध हुन छोडेकाले विगत २ वर्ष यता कुक भिसामा जापान आउनेहरुको संख्या खासै बढ्न सकेको छैन।

भाषिक दक्षता र शैक्षिक योग्यता हासिल गरेको विषयमा प्रतिस्पर्धी क्षमता भएको अवस्थामा जापानमा विदेशीहरुलाई विविध क्षेत्रमा रोजगारीको अवसर उपलब्ध भैरहेको छ। तर, जापानमा २०१२ को जुलाईबाट परिवर्तन हुने इमिग्रेसन सम्बन्धी नियम र ती नियमको कार्यान्वयनका लागि अपनाउन लागिएको प्रकृयाले विद्यार्थीहरुलाई र पारिवारिक भिसामा बस्नेहरुलाई तोकिएको समय भन्दा बढी काम गर्न मुस्किल हुने देखिएको छ।

जापानको युवा वर्ग कृषि क्षेत्रमा त्यति आकर्षित छैन भने पुरानो पुस्ता उमेरका कारणले काम गर्न नसक्ने भैसक्यो। जापानको तथ्याङकले यहाँको कृषि क्षेत्रमा कामदारको माग बढी रहेको देखाउँछ। यतिखेर नेपालीहरुले व्यवसायिक र सामूहिक रुपमा कृषि क्षेत्रमा प्रवेशको मार्ग खोज्ने र नेपालीहरुलाई काम लगाउन सक्ने हो भने अवसर प्रशस्तै छ।

प्रक्रिया पुऱ्याएर ल्याउँदा संख्यात्मक बन्देज नभए पनि यो ३ वर्षको अवधिमा प्रशिक्षार्थी कामदारको संख्या अझै ३०० पनि पुग्न सकेको छैन। यसको प्रमुख कारण जापानको श्रम बजारको ज्ञानको कमि, भाषिक दक्षताको अभाव र जापानको काम गर्ने संस्कार बुझ्न र बुझाउन नसक्नु नै हुन्। जापान सरकारले कृषिमा प्रशिक्षार्थी कामदार ल्याउन नेपाललाई प्राथमिकताको सूचीमा राखेको बुझिन्छ। जापान सरकारबाट प्राप्त ट्रेनी कामदारको यो अवसरको उपयोग गर्न सरकारी र निजी दुवै क्षेत्रको समन्वय जरुरी छ।

इमान्दारिता, काम प्रतिको लगाव, मेहनती स्वभाव र अरुलाई भरसक दुख दिन हुँदैन भन्ने संस्कार बोकेका जापानीहरुसँग अहिले नेपालीहरुको सँगत जति बढी हुन सक्यो त्यति मुलुकका लागि लाभदायक छ। तसर्थ वैदेशिक रोजगारीको पर्खाइमा रहेका नेपालीहरुलाई बढी भन्दा बढी जापान भित्र्याउन पहल गर्नु पर्छ। ■



डा. कृष्ण अधिकारी

# मातृभूमिको मायामा बल्झेको बेलायतको नेपाली समुदाय

बेलायतसँग नेपाल र नेपालीको नाता सम्बन्ध लगभग दुई शताब्दीदेखि हुँदै आएकोछ। सन् १९९७ मा हङकङबाट बेलायतमा सारिए पनि सेवानिवृत ब्रिटिश गोर्खाहरुलाई वेलायत बस्न बन्देज भएकोले कतिपय शरणार्थीको रुपमा बस्न थाले। निरन्तरको आन्दोलन र दवावका कारण सन् २००४ मा १९९७ पछि सेवानिवृतहरुलाई र सन् २००९ मा ४ वर्ष सेवा गरेका जोसुकैलाई (श्रीमती र १८ वर्षमुनिका आश्रित बच्चा समेत) पनि स्थायी रुपमा बस्न दिने निर्णयका कारण बेलायतमा नेपालीको सख्या ह्वात्तै बढ्न गयो। हाल बेलायतमा १ लाखको हाराहारीमा नेपाली रहेको अनुमान छ। कुल नेपालीको दुई तिहाई जति (भूतपूर्व) गोर्खा र उनका परीवार एवं आफन्त रहेका छन्। यहाँका नेपालीहरु विभिन्न १६ वटा देशमा जन्मेको भए पनि १० जनामा आठ जना नेपालमै जन्मेका छन्।

लगभग एक तिहाई नेपालीहरु लण्डनका विभिन्न भागहरुमा बस्छन् भने अरु धेरै फार्नबरो, अल्डरशट, रेडिंग, आसफोर्ड स्वीन्डन जस्ता शहरहरुमा केन्द्रित भएका छन्। १५ वर्षमुनिका बालबालिका कुल जनसंख्याको एक चौथाई भएपनि सन् २००९ पछि पूराना भूतपूर्व गोर्खा र तिनका परिवार आउन थाले पछि नेपाली वृद्धवृद्धाको संख्यामा उल्लेख्य वृद्धि हुन गएको छ। काम गर्न योग्य उमेरका र पूर्णरुपमा अध्ययनमा नलागेका नेपालीको रोजगारीको दर उच्च (९७%) र अन्य समुदायको तुलनामा राम्रो छ। यसो हुनुमा रहर र विवशता जे भएपनि ठूलो सानो नभनी कामप्रति लगाव दिने संस्कृति कारकको रुपमा रहेको छ। अधिकांश पुरुषहरु 'सेक्युरिटी' र महिलाहरु 'हाउसकिपिङ' लगायत सुपरमार्केट आदिमा व्यापार सहयोगी जस्ता काम गर्दछन्।

विभिन्न आन्तरिक र बाह्य कारणबस योग्यता अनुसारको काम पाउन कठिनाई छ। काम गर्नसक्ने उमेर समूहका नेपालीमा दशमा एक मात्र उच्च वा मध्यम किसिमका काममा पुग्न सकेका छन्। यसमा पनि मेडिकल डाक्टर तथा नर्सको सख्या उल्लेख्य छ भने कतिपय नेपालीहरु आफ्नै स्वरोजगारीमा लाग्न थालेका छन्। २०११ को एक गणनामा नेपालीका १२२ रेस्टुरा रहेको पाइएको थियो। अन्य व्यवसायमा खुद्रा पसल, शैक्षिक संस्था, कानूनी व्यवसाय, ट्राभल्स एजेन्सी, लेखा सम्बन्धी आदि प्रमुख छन्। युरोपका अन्य मुलुक(जस्तै बेल्जियम) मा राजनीतिक प्रकृतिका सँगठनको बाहुल्यता रहे पनि बेलायतमा जातीय सँगठनहरु हावी छन्। बाहुन बाहेक प्राय सबै प्रमुख जातिका सँगठनहरु अत्यन्त सक्रियताका साथ सञ्चालन भएकोले बेलायतमा हालको *'मिनी नेपालको'* छनक पाइन्छ।

नेपालका राजनीति पार्टी झैं आपसमा विभाजित गोर्खा सँगठनहरु निरन्तर सशक्त ढंगले समान अधिकारको लागि आन्दोलित छन्। सन् २००९ मा गोर्खा आन्दोलन उत्कर्षमा पुग्यो। टिभी नायिका 'सेलिब्रिटी' जोअना लुम्लेको नेतृत्वको अभियानले आफ्नो पक्षमा जनमत मात्र पाएन, गोडेन ब्राउनले नेतृत्व गरेको लेवर सरकारलाई संसदीय मतदानमा परास्त गरेर इतिहास नै रच्न पुग्यो। त्यसैको फलस्वरुप भूतपूर्व गोर्खाहरु बेलायत बस्न पाउने भएको हो। समान पेन्सनबाट बन्चित भूतपुर्व गोर्खाहरु आन्दोलनका नयाँ स्वरुपहरु खोजिरहेका छन्। धेरै नेपालीले आफ्नै घर किनेर बसेका छन्, तथापी भारतीय लगायत अरु पूराना अल्पसंख्यक समुदायको तुलनामा नेपालीहरु बेलायती समाजमा अझै पनि राम्रोसँग घुलमिल हुन नसकेको अवस्था छ। खासगरी आ-आफ्ना स-साना झुण्डमा केन्द्रित हुने प्रवृतिले नेपाली-नेपाली बीचको सम्बन्ध समेत पूर्णरुपमा फक्रिन पाएको छैन। यद्यपी, विभिन्न क्षेत्रगत रुपमा नेपाली समाजहरु खोलेर तथा एआरएन युके जस्ता बृहत्तर संस्थालाई राजनीति र जातीय घेरा बाहिर



बेलायतमा अभ्यस्त हुन प्रयास गर्दै भूपु गोर्खा परिवारहरू। फोटो हिमाल खबरपत्रिका

राखेर एकआपसमा पुलको निर्माण र आदानप्रदान भने अवश्य भएको छ।

नेपाली मेला, नेपाली सांगीतिक कार्यक्रम, नेपालमा आ-आफ्ना गाउँठाउँमा विकास निर्माण र राहतका लागि अविछिन्न सहयोग संकलन जस्ता काम गरी नेपालीहरु मातृभूमिको सेवामा अहोरात्र खटिरहेका पाइन्छन्। यसैकारण नेपालको मायामा अल्झेर बेलायतबाट सशक्त रुपमा नेपाली नागरिकताको निरन्तरताको माग उठिरहेको हो। हालसम्म तीनजना नेपालीहरु स्थानिय सरकारमा चुनाव जितेर प्रतिनिधित्व गरेका छन्। सन् २०११ को अन्तसम्ममा ८,१४२ नेपालीले बेलायती नागरिकता लिइसकेका छन्। बेलायती कानुनले द्वैध नागरिकतालाई वैध मान्दछ तर नेपाली कानूनले यसलाई अवैध मान्दछ। नेपाली नागरिकताको निरन्तरता वा दोहोरो नागरिकताको सुनिश्चितताको माग सँगै नेपाली नागरिकले बेलायती शासक र जनतालाई पुऱ्याएको विशिष्ट सेवालाई कदर गर्दै *'कमनवेल्थ'* राष्ट्रका नागरिक सरहको विशिष्ट सुविधा उपलब्ध गराउन एनआरएन लगायत नेपाली संघसंस्थाहरु र नेपाल सरकारले पहल गर्नु पर्ने देखिन्छ। ■

*(अधिकारी, सेन्टर फर नेपाल स्टडिज(सिएनएस युके) का पूर्व कार्यकारी निर्देशक हुनुहुन्छ।)*

# लण्डनमा नारी दिवस



**गैरआवासीय** नेपाली संघ युकेले १०१औं अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा विशेष कार्यक्रमको आयोजना गऱ्यो । नेपाली राष्ट्रिय गानको धूनमा पञ्चकन्याँले राष्ट्रिय झण्डा फहराउँदै सबैमा स्वागतगर्दै सुरुभएको कार्यक्रममा नेपाली महिलाहरुको अवस्था, उनीहरुको समस्या र त्यसको समाधानको बारेमा कार्यक्रम केन्द्रित थियो। बेलायतका लागि नेपाली दूतावासका मिनिष्टर काउन्सिलर अम्बिका लुईंटेल र एनआरएन यूकेका अध्यक्ष कुल आचार्यले संयुक्त रुपमा उद्घाटन गर्नुभएको कार्यक्रममा एनआरएन यूकेका राष्टिय संयोजक रामशरण सिम्खडाले नेपालको राजनीतिक लगायत निजामति सेवा, सेना, प्रहरी, उद्योग व्यवसाय एवं समाजका हरेक क्षेत्रमा महिला सहभागिताको स्थितिको बारेमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। कार्यक्रमका अधिकांश वक्ताहरुले महिला हिंसा नरोकिनुको कारण परम्परागत कुरीति र अशिक्षा भएको दावी गर्दै सामाजिक सचेतनाले मात्रै त्यस्ता हिंसा रोकिने बताए। कार्यक्रम संयोजक संगिता मरहठ्ठाले यस वर्षको अन्तर्राष्ट्रिय नारी दिवसको नारा "बालिका शिक्षित भए भविष्य सुनौलो हुने" यथार्थपरक भएको भन्दै कार्यक्रम गरेर बाँकी भएको रकम पिँछडिएका क्षेत्रका विपन्न बालिकाहरुको शिक्षा आर्जनमा सहयोग गरिने बताउनु भयो। ■




आवासीय नेपाली संघ यूएईले एक कार्यक्रम बीच युएई र नेपालमा रहेका गैर महिलाहरूको हितमा काम गर्ने उद्देश्यले अर्चना बस्नेतको संयोजकत्वमा एक महिला फोरम गठन गरेको छ । कार्यक्रममा उपस्थित सहभागी र फोरमका कार्यसमितिका सदस्यहरू ।

## पाँचौ युरोप क्षेत्रीय बैठक तयारी



**राष्ट्रिय** समन्वय परिषद् नेदरल्याण्डको आतिथ्य र युरोप क्षेत्रका राष्ट्रिय समन्वय परिषद्हरुको संयुक्त आयोजनामा पाँचौ युरोप क्षेत्रीय बैठक २०१२ जुन १ देखि ३ सम्म नेदरल्याण्डको आम्सटर्डममा संचालन हुँदैछ। सम्मेलनमा गैरआवासीय नेपालीहरुको सामूहिक लगानीमा राष्ट्रिय समन्वय परिषद्हरुको योगदान नेपालमा संचालन गरिने परोपकारी परियोजना सँगसगै एनआरएनएको दिगोपनाका लागि राष्ट्रिय समन्वय परिषद्हरुको योगादानका बारेमा छलफल हुने बताइएको छ । यसैगरी युरोपलाई गैरआवासीय नेपालीहरुको साझा गन्तव्य स्थलको रुपमा प्रवर्द्धन गर्दै युरोपमा नेपालको व्यापार र पर्यटनलाई प्रवर्द्धन गर्ने बारेमा पनि छलफल हुने कुरा युरोपियन क्षेत्रीय संयोजक कुमार पन्तले बताउनु भयो ।

गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद् र युरोप क्षेत्रका राष्ट्रिय समन्वय परिषद्हरुको संयुक्त आयोजनामा संचालन हुने यस क्षेत्रीय सम्मेलनले युरोप क्षेत्रमा रहेका राष्ट्रिय समन्वय परिषद्हरु बीच सहकार्य, एकता र दीगोपनाका लागि ठूलो योगादन पुऱ्याउने विश्वास छ ।

गैरआवासी नेपाली संघले प्रत्येक दुई वर्षमा विश्व सम्मेलन नेपालमा र त्यसको छ देखि आठ महिना भित्रमा नेपाल बाहिर क्षेत्रीय सम्मेलन आयोजना गर्दै आएको छ । विगतमा यूके, बेल्जियम, पोर्चुगल र फ्रान्समा भएको बैठको निरन्तरता स्वरुप निदरल्याण्डले आयोजना गरेको हो । राष्ट्रिय समन्वय परिषद् निदरल्याण्डका अध्यक्ष नारायण आचायका अनुसार बैठकको सम्पूर्ण तयारी भइसकेको छ । ■



## बेल्जियमका नेपाली महिलाको एक युरो अभियान

**विभिन्न** हिंसाबाट पीडित नेपालका महिलाहरुको सहयोगार्थ बेल्जियमा रहेका नेपाली महिलाहरुले एक युरो अभियान सुरु गरेका छन् । १०१ औ अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा गैरआवासीय नेपाली संघ बेल्जियम अर्न्तगत महिला विभागले बेल्जियमको लुभेन शहरमा गरेको कार्यक्रममा एक एक युरो जम्मा गर्ने र नेपालमा विभिन्न समस्यामा परेका महिलाहरुको लागि त्यो रकम खर्च गर्ने घोषणा गरिएको हो ।

कार्यक्रमको प्रमुख अतिथि एनसिसि बेल्जियमका अध्यक्ष जानकी गुरुङले गैरआवासीय नेपाली संघमा महिलाहरुको सक्रिय सहभागितालाई सुनिश्चित गर्न र नेपालमा समस्यामा रहेका महिला तथा बालबालिकाहरुलाई राहतको लागि एनआरएन बेल्जियमले आफ्नो स्थानबाट प्रयास गर्ने बताउनुभयो ।

कार्यक्रममा एनआरएनए बेल्जियमका उपाध्यक्ष अनिता लामा, सचिव अनुजा प्रधान आइसिसि सदस्य पिजी शेर्पा र अर्जुन कुमार श्रेष्ठ, रजनी प्रधान, भगवती शर्मा, यसोदा थापा, सिता सापकोटा, सुष्मा श्रेष्ठ, दुर्गा तिवारी, मुना राई, लक्ष्मी कुँइकेल लगायतले महिला अधिकारका बारेमा आ-आफ्नो धारणा राख्नु भएको थियो। ■

## सृष्टिलाई बधाई !



**मिस** नेपाल २०१२ को उपाधि हात पार्न सफल सृष्टि श्रेष्ठलाई गैरआवासीय नेपाली सघंका अध्यक्ष जीवा लामिछानेले बधाई तथा सफलताको शुभकामना दिनु भएको छ। बधाई सन्देशमा अध्यक्ष लामिछानेले भन्नुभएको छ, "नेपालमा आएर प्रतियोगितामा सहभागी हुनु र उपाधि समेत हात पार्नुले गैरआवासीय नेपालीहरुको दोस्रो पुस्ता पनि नेपाल र नेपाली संस्कृतिसँग भावनात्मक सम्बन्ध राख्न इच्छुक भएको देखिएको थप प्रमाणित भएको छ ।"

चितवनमा जन्मिएर लण्डनमा बस्दै आएकी आफूसँग आत्मविश्वास र सकारात्मक धारणा र सक्षमता भएकोले नै मिस नेपालको ताज पहिरिन सफल भएको सृष्टिको भनाइ छ। उनले मिस वर्ल्डमा नेपालका तर्फबाट सहभागी हुने अवसर पाएकी छन् । ■




## इटालीमा नेपाल र बुद्धको प्रचार

**इटालीमा** रहेका नेपालीहरुले शान्तिका प्रतीक भगवान् गौतम बुद्ध र आफ्नो देश नेपालको बारेमा इटालीका नागरिकलाई जानाकारी दिन कार्यक्रमको आयोजना गरेका छन्। रोटरी क्लब पादोवा एउगानेआको आयोजनामा भएको कार्यक्रममा गौतम बुद्ध र नेपालको इतिहास तथा वर्तमान अवस्थाका बारेमा जानकारी दिन विभिन्न किसिमका सामग्रीहरु प्रस्तुत गरिएको थियो।

भेनेतो रिजनका उद्योगपति, व्यापारी, वकिल, चिकित्सक, इन्जिनियर, राजनीतिज्ञ तथा पर्यटन व्यवसायी सहित इटालीमा रहेका नेपालीहरुको उल्लेख्यरुपमा उपस्थिति रहेको सो कार्यक्रममा एनआरएनए इटालीका अध्यक्ष डा. अनिल भट्टराइले नेपालको पर्यटन क्षेत्र, जलविद्युत लगायत लगानीको सम्भावना बोकेका अन्य क्षेत्रहरुका बारेमा जानकारी गराउनु भएको थियो। ■

## बेल्जियममा नेपाल हाउस बन्दै

**बेल्जियममा** नेपाली समुदायको बसोबास बढ्दै गइरहेको अवस्थामा नेपाल र नेपाल(ीको सबै पक्षको प्रवर्दन एवं संम्बर्दन गर्ने उद्देश्यले बेल्जियमबासी नेपाली समुदायको सामूहिक योगदान र गैरआवासिय नेपाली संघ, बेल्जियमको स्वामित्वमा एक बहुउद्धेस्यीय साझा घर नेपाल हाउस (नेपाली सांस्कृतिक भवन) बेल्जियममा निर्माण गरिने भएकोछ।

यो कामलाई अगाडि बढाउन एनआरएन बेल्जियम की अध्यक्ष जानकी गुरुङको अध्यक्षतामा नेपाल हाउस निर्माण परिषद गठन भएको छ। दीनबन्धु पोखरेलको बाचनमा भएको महायज्ञबाट ७ लाख ५० हजार यूरो जम्मा भइसकेको छ। यस अघि रसियामा नेपाल हाउस निर्माण भइसकेको छ भने अष्ट्रेलिया र यूकेमा पनि प्रक्रिया अगाडि बढेको छ। २५ देखि ३० लाख युरोको लागतमा कम्तिमा ४ हजार बर्ग मिटरको क्षेत्रफलमा फैलने र पूर्णत नेपाली बास्तुकला झल्कने उक्त भवन निर्माणको लागि सहयोगमा गर्न सबै पक्षलाई एनआरएन बेल्जियमले आह्वान गरेको छ। ■

## यूरोपका विभिन्न शहरमा नयाँ वर्ष




**गैरआवासीय** नेपाली संघ फ्रान्स सहित पाँचवटा मैत्री संघहरुको संयुक्त आयोजनामा पेरिसमा नयाँ वर्ष २०६९ को अवसरमा कार्यक्रममको आयोजना गरियो। राष्ट्रिय गान र पञ्चकन्याँको स्वागतले मात्रै होइन, एक आपसको भेटघाट, सांस्कृतिक कार्यक्रमदेखि सगैबसेर नेपाली खाना खाएको दृष्यले सबैलाई आफ्नै देशमा भएको अनुभूति दिलाएको थियो। कार्यक्रमको प्रमुख अतिथिको रुपमा उपस्थित हुनुभएका फ्रान्सका लागि नेपाली राजदूत मोहनकृष्ण श्रेष्ठले एकता र सहकार्यको लागि यस्ता कार्यक्रम अत्यन्तै महत्वपूर्ण हुने बताउनु भयो। यसै गरी नेपाली नयाँ वर्षको अबसरमा राष्ट्रिय समन्वय परिषद् जर्मनीले सम्पूर्ण नेपालीहरुको बीचमा आपसी सम्बन्ध सहयोग र सम्पर्क बढाउने उद्देश्यले हाम्वर्गमा एक सांकृतिक कार्यक्रमको आयोजना गरेको थियो। उक्त कार्यक्रमा गैरआवासीय नेपाली संघका संरक्षक रामप्रताप थापा, सल्लाहकार दिल गुरुङ, क्षेत्रिय संयोजक कुमार पन्त, राष्ट्रिय समन्वय परिषद् जर्मनीका अध्यक्ष पुष्प थापा र अन्य पदाकारीहरुको उपस्थिति रहेको थियो। यस्तै गरी बेल्जियमको ब्रसेल लगायत विभिन्न शहरमा पनि गैरआवासीय नेपालीले नयाँ वर्ष मनाए ■

## समताको सहयोगार्थ न्युजिल्यान्डमा अभियान



**गैरआवासीय** नेपाली संघ राष्ट्रिय समन्वय परिषद् न्युजिल्यान्डको आयोजनामा काठमाडौंको समता शिक्षा निकेतनको सहयोगार्थ न्यूजिल्यान्डका शहरहरुमा रकम संकलन कार्यक्रम संञ्चालन गरिएको छ। अप्रील २८ मा वाईमेतको इकावाई हलमा समता विद्यालयको सहयोगार्थ एक कार्यक्रम भएको थियो। कार्यक्रममा वाईमेतका मेयर जोन कोल्स तथा एनआरएन न्यूजिल्यान्डका अध्यक्ष चन्द्रबहादुर थापा र पूर्व अध्यक्ष डा. भोला प्रधान पनि सहभागी हुनु भएको थियो।

त्यस्तै मे ६ का दिन सोहि विद्यालयको सहयोगार्थ न्यूजिल्याण्डको एक विश्वविद्यालयमा सास्कृतिक कार्यक्रमको आयोजना गरिएको थियो। सो कार्यक्रममा स्थानिय तथा नेपाली गरी करिब २०० जनाको सहभागिता रहेको थियो। ■

## कङ्गो र केन्यामा एनआरएन स्थापना

**अफ्रिकी** मुलुक केन्याँमा रहेका नेपालीहरुले कुलबहादुर कार्कीको अध्यक्षतामा गैरआवासीय नेपाली संघ केन्याँ गठन गरेका छन्। यो गैरआवसीय नेपाली सघंको ६१ औ राष्ट्रिय समन्वय परिषद् हो। अफ्रिकाका कार्यवाहक क्षेत्रीय संयोजक हिक्मत थापाको पहलमा गठित कार्यसमितिको कार्यसमितिको उपाध्यक्षमा कृष्णप्रसाद गैरे, महासचिवमा रामचन्द्र बस्याल र कोषाध्यक्षमा टिलु काफ्ले रहनु भएको छ। यसैगरी सदस्यहरुमा नविन थापा, कृष्ण भण्डारी, लक्ष्मण गैरे, राजु वि.क, ज्ञानप्रसाद भण्डारी र कृष्ण भण्डारी (साहिल) रहनु भएको छ।

यस अघि प्रशान्त अधिकारीको अध्यक्षतामा राष्ट्रिय समन्वय परिषद् कङ्गो गठन भएको थियो। परिषद्को सचिवमा नवराज बोगटी र सदस्यमा गणेश बहादुर कुँवर, जयप्रसाद चापागाई, रीमामान पाण्डेय, कमला सुब्बा, रविन्द्र थापा, सञ्जय रिजाल, रघु बराल, रितेश सुन्दर चौधरी र महेश गुरुङ्ग हुनुहुन्छ। ■

## सातौं क्षेत्रीय सम्मेलन र नेपाल महोत्सव २०१२

**सातौ** गैरआवासीय नेपाली क्षेत्रीय सम्मेलन ओसेनियाँ क्षेत्र अन्तर्गत अष्ट्रेलियाको सिडनी शहरमा ३० अगष्ट २०१२ देखि १ सेप्टेम्वरसम्म आयोजना हुँदैछ। पहिलो पल्ट ओसेनियाँ क्षेत्रमा आयोजना हुन लागेको यो यस क्षेत्रीय सम्मेलनको मूल विषय "इन्भेष्टमेण्ट एण्ड इनोभेसन फोर प्रोस्पोरस नेपाल" रहेको छ।

यस क्षेत्रीय सम्मेलनमा नेपाल सरकार, विभिन्न राजनैतिक दलहरु, कुटनैतिक नियोँगका प्रमुखहरु, नेपाल उद्योग वाणिज्य महासंघ, निजी क्षेत्रका उद्यमी व्यवसायीहरु, संघ संस्थाहरु, विभिन्न क्षेत्रका बुद्धिजीवीहरु, समाजसेवीहरु, संचारकर्मीहरु, गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्का पदाधिकारी तथा सदस्यहरु, विभिन्न मुलुकका राष्ट्रिय समन्वय परिषद्का पदाधिकारी तथा प्रतिनिधिहरुका साथै अन्य गैरआवासीय नेपालीहरुको सहभागिता रहने छ। सम्मेलन पछि एनआरएन अष्ट्रेलियाले नेपाली दूतावास, नेपाल कन्सुलेट र त्यहाँ रहेका विभिन्न संघसंस्थाहरुसँग सहकार्य गरेर प्रत्येक दुई वर्षमा एक चोटी सेप्टेम्वर महिनामा नेपाल महोत्सवको आयोजना गर्ने छ। नेपालको कला, संस्कृति, दुईपक्षिय व्यवसाय र लगानीको क्षेत्रमा योगदान गर्न हरेक दुई वर्षमा यो महोत्सव आयोजना हुने गर्छ। ■

## अष्ट्रेलियामा कल्याणकारी कोषको स्थापना

**अष्ट्रेलियामा** बस्ने नेपालीहरुको सहयोगार्थ एनआरएन अष्ट्रेलियाले एक कल्याणकारी कोष खडा गरेको छ। पण्डित दिनवन्धु पोखरेलको वाचनमा महायज्ञको आयोजना गरिएको सो कोषमा १ लाख ६० हजार डलर कोष जम्मा भईसकेको छ। कोषका लागी शेष घले तथा जनुमा घलेबाट २० हजार, प्रदिप ढकालबाट ११ हजार, दिपक खड्का तथा लिसा खड्काबाट ६ हजार ७ सय, विमल भट्टराईबाट ५ हजार ५ सय, किशोर मत्त तथा इन्द्रयानी मत्तबाट ५ हजार, चन्द्र योन्जनबाट ५ हजार, गणेश केसीबाट ५ हजार डलर लगायतका ३०६ जना सहयोगी हातले योगदान गरेका थिए। ■

# गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्को पछिल्लो त्रैमासिक गतिविधिहरु

फेब्रुअरी १८: अध्यक्ष एवं लगानी कार्यदलका सभापति जीवा लामिछानेको अध्यक्षतामा स्काईप बैठक । सामूहिकलगानी र भावी योजनाका बारेमा छलफल र जानाकारी ।

फेब्रुअरी २३: गैरआवासीय नेपालीहरूको नागरिकता निरन्तरताका सम्बन्धमा काठमाण्डौमा सभासद्हरूबीच अन्तरक्रिया । गैरआवासीयहरूले उठाएको नागरिकता निरन्तरता विषयलाई नयाँ संविधानमा सम्बोधन गरिनु पर्ने बारेमा बहस ।

फेब्रुअरी २३: संघका अध्यक्ष नेतृत्वको प्रतिनिधिमण्डलद्धारा नागरिकता निरन्तरता, वैदेशिक रोजगारका साथै अन्य गैरआवासीय नेपालीहरूका सम्बन्धित विषयहरूमा सभामुख सुवासचन्द्र नेम्वाङ, संवैधानिक समितिका सभापति निलाम्बर आचार्य र नेकपा एमालेका वरिष्ठ नेता माधवकुमार नेपालसँग छुट्टाछुट्टै भेटघाट ।

फेब्रुअरी २४: संघका अध्यक्ष नेतृत्वको प्रतिनिधिमण्डलद्वारा सम्माननीय राष्ट्रपति, उपप्रधान तथा परराष्ट्र मन्त्री, नेपाली कांग्रेसका संसदीय दलका नेतासँग छुट्टाछुट्टै भेटघाट ।

२०१२ फेब्रुअरी २४: गैरआवासीय नेपाली संघको प्रतिनिधिमण्डलबाट अमृत साइन्स कलेजमा उपकरण हस्तान्तरण साथै ब्रिटिश कलेजको भ्रमण ।

फेब्रुअरी २५: संघका अध्यक्ष जीवा लामिछाने र एनेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहालबीच भेट । नागरिकताको निरन्तरता, वैदेशिक रोजगार, गैरआवासीय नेपालीहरूको परिभाषा, संघ दर्ता, सामूहिकलगानी लगायतका विषयमा छलफल ।

फेब्रुअरी २६: संघको प्रतिनिधिमण्डल र नेपाली कांग्रेसका सभापति सुशील कोइरालाबीच भेट । नागरिकताको निरन्तरता, वैदेशिक रोजगार, गैरआवासीय नेपालीहरूको परिभाषा, संघ दर्ता, सामूहिकलगानी लगायतका विषयमा छलफल ।

फेब्रुअरी २७: संघका अध्यक्ष र संस्थापक अध्यक्ष सहितको प्रतिनिधिमण्डलद्वारा प्रधानमन्त्री डा. बाबुराम भट्टराईसँग नागरिकताको निरन्तरता, वैदेशिक रोजगार, गैरआवासीय नेपालीहरूको परिभाषा, संघ दर्ता, सामूहिकलगानीका साथै अन्य सम्बन्धित विषयहरूमा छलफल ।

फेब्रुअरी २९: गैरआवासीय नेपाली संघका अध्यक्ष जीवा लामिछानेले म्याग्दीमा एनआरएन युकेको सहयोगमा उपलब्ध भएको ३ वटा एम्बुलेन्स हस्तान्तरण । कार्यक्रममा एनसिसि यूकेका अध्यक्षको सहभागिता ।

मार्च १: संघको काठमाडौ सचिवालयमा एक कार्यक्रमको आयोजना गरी अध्यक्ष जीवा लामिछानेले विभिन्न परोपकारका योजनाका लागि नगद र सामानको हस्तान्तरण ।
-नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्षको निमन्त्रणामा आयोजित रात्री भोज कार्यक्रममा गैरआवासीय नेपाली संघको प्रतिनिधिमण्डलको सहभागिता ।

मार्च २: नेपाली सामानहरूलाई अन्तर्राष्ट्रिय बजारमा पुऱ्याउन गैरआवासीय नेपालीहरूको भूमिकाबारे नेपालका उद्योग व्यवसायीहरू र गैरआवासीय नेपाली प्रतिनिधिमण्डलबीच अन्तरकृया ।
-संघका पदाधिकारी र नेपाल सरकारका प्रतिनिधिहरूबीच नेपालीहरूले उद्योग व्यवसाय संचालनको लागि कानूनी प्रक्रियाहरूबारे छलफल । सरकारी प्रतिनिधिहरूबाट यसलाई सहज र सरलीकरण बनाउन प्रतिबद्धता व्यक्त ।

मार्च ३: अध्यक्ष नेतृत्वको संघको प्रतिनिधिमण्डल र नेकपा एमालेका अध्यक्ष झलनाथ खनालबीच नागरिकताको निरन्तरता, वैदेशिक रोजगार, गैरआवासीय नेपालीहरूको परिभाषा, संघ दर्ता, सामूहिकलगानीका साथै अन्य सम्बन्धित विषयहरूमा छलफल ।

मार्च ४: संघका अध्यक्ष लामिछाने र उपाध्यक्ष रामेश्वर शाहद्वारा नेपाल सरकार लगानी बोर्डका कार्यकारी अधिकृत राधेश पन्तसँग भेट । नेपाली लगानी वर्ष २०१२ मा संचालन गरिने विभिन्न परियोजनाहरू र सामूहिकलगानीबारे भेटमा छलफल ।

मार्च ५: संघका अध्यक्ष लामिछानेद्वारा अर्थसचिवसँग सामूहिकलगानी र कम्पन्नी दर्ता सम्बन्धी विषयमा छलफल । सचिवद्धारा सरकारबाट पूर्ण सहयोग रहने प्रतिबद्धता व्यक्त । कार्यक्रमको संयोजन संरक्षक भिम उदासले गर्नु भएको थियो ।

मार्च ७: संघका अध्यक्ष लामिछानेद्धारा नेपालमा गर्न लागेको सामूहिकलगानीबारे कतारमा रहेका नेपालीहरूलाई महत्वपूर्ण क्षेत्रमा लगानी गर्न आग्रह ।

मार्च ९: युएईको दुवईमा सामूहिकलगानीबारे छलफल । संघका अध्यक्ष जीवा लामिछानेबाट नेपालमा गर्न लागेको सामूहिकलगानीबारे जानकारी एवम् महत्वपूर्ण क्षेत्रमा लगानी गर्न आह्वान ।

मार्च १६: गैरआवासीय नेपाली संघ र नेपाल चलचित्र बोर्डका पदाधिकारीबीच बैठक ।

मार्च १७: अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयको छैठौं बैठक । संघका अध्यक्षको नेतृत्वमा आएको प्रतिनिधिमण्डलको भ्रमण, कतार र युएईमा भएको सामूहिकलगानी कार्यक्रम सम्बन्धी भ्रमण, संघ दर्ता, आगामी कार्यक्रमहरूका साथै संघको अन्य सम्बन्धित पक्षबारे छलफल ।

मार्च १८: नेपालमा लगानी प्रबर्द्धन कार्यदलको दोस्रो बैठक । गैरआवासीय नेपालीहरूको सामूहिकलगानीमा हालसम्म भएका अन्तरकृयाहरूको बारेमा विश्लेषण र भावी कार्य योजनाबारे छलफल ।

मार्च २४: हङकङमा सामूहिकलगानी सम्बन्धी अन्तकृया । जलविद्युत लगायत पर्यटन, चिकित्सा, भौतिक पूर्वधारका क्षेत्र, कृषि तथा अन्य क्षेत्रमा लगानी गरिनेबारे छलफल ।

मार्च २६: चीनको ग्वाङझाउ शहरमा सामूहिकलगानी सम्बन्धी अन्तकृया । सामूहिकलगानी कोषको फाइदा वेफाइदा, लगानी गर्ने क्षेत्रको पहिचान, यसको महत्व लगायतका विषयमा छलफल ।

मार्च २९: जापानको टोकियो शहरमा सामूहिकलगानी सम्बन्धी अन्तरकृया । जलविद्युत परियोजनामा लगानी गर्न जोड । जल विद्युतमा लगानी गर्न एनआरएन जापानले ५० करोड जम्मा गरेर पठाउने घोषणा ।

मार्च ३१: कार्यकारी सचिवालयको सातौं बैठक । अध्यक्षको सामूहिकलगानी सम्बन्धी एशिया प्रशान्त क्षेत्र भ्रमण, एनसिसि मकाऊको इस्युका साथै अन्य महत्वपूर्ण विषयमा छलफल ।

मार्च ४: परराष्ट्र मन्त्रालयमा परराष्ट्र नीतिको कार्यान्वयन तथा आर्थिक कुटनीतिका विभिन्न क्षेत्रहरूका बारेमा ओरियन्टेशन कार्यक्रममा गैरआवासीय नेपालीहरूको लगानी सम्बन्धमा संघका उपाध्यक्ष रामेश्वर शाहद्वारा प्रस्तुतीकरण पेश ।

मार्च ५: काठमाडौ बबरमहल रिभिजिटेड सेन्टरमा नेपाल सरकारका नवनियुक्त राजदूतहरू र गैरआवासीय नेपाली संघबीच परिचयात्मक कार्यक्रम । कार्यक्रममा अष्ट्रेलिया, म्यानमार, बेल्जियम, डेनमार्क, रसीया, दक्षिण कोरीया, कतार, र युएईका नवनियुक्त राजदूतहरू र गैरआवासीय नेपाली संघका पदाधिकारीहरूको सहभागिता ।

अप्रिल ११: गैरआवासीय नेपाली संघ युवा फोरमबाट आवासीय र गैरआवासीय नेपाली युवाहरूको शिक्षा, खेलकुद तथा उद्यमशीलताको विकासमा योगदान सम्बन्धी अन्तरकृया ।

अप्रिल २१: संघको पदाधिकारी समितको तेश्रो बैठक एवं टेली कन्फ्रेन्स । बैठकमा मुख्यतया गैरआवासीय नेपाली संघको दर्ता, सामूहिकलगानी, नयाँ एनसिसिहरूको गठन, नागरिकता निरन्तरता, परोपकारी परियोजना, अन्तर्राष्ट्रिय समन्वय परिषद्को ३३ औं बैठकको मिति निर्धारण र अन्य संघ सम्बन्धी मुख्य विषयहरूमा छलफल ।

अप्रिल २४ देखि मे ६: संघका अध्यक्षले राष्ट्रपति, प्रधानमन्त्री, सभामुख, संवैधानिक समिति, संसद सचिवालय, मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति, नेपालका राजनीतिक दलका नेताहरू, संविधानसभाका सभासदहरू, नागरिक समाज र कानूनविद्हरू माझ गैरआवासीय नेपाली संघ, नेपाली नागरिकता निरन्तरता कार्यदलले तयार पारेको नेपाली नागरिकता निरन्तरता सम्बन्धी अवधारणा पत्र बारे जानकारी गराई यसप्रति सम्पूर्ण सरोकारवालाहरूको समर्थनको लागी पहल ।

अप्रिल २५: श्रम मन्त्रालयका सचिव सचिवसँग मध्यपूर्वमा वैदेशिक रोजगारीमा गएका श्रमिकहरूको विविध समस्यहाहरू मुख्यतया पटके श्रमस्वीकृति, बीमा, ओमान र बहराइनमा दूतावास खोल्ने बारे, श्रम विभागमा दोभाषे राख्ने बारेमा छलफल ।

अप्रिल २६: श्रम मन्त्रीसँग मध्यपूर्वमा वैदेशिक रोजगारीमा गएका श्रमिकहरूको विविध समस्याहरू मुख्यतया पटके श्रमस्वीकृति, विमा, कल्याणकारी कोष, घरेलु कामदार काननुनी रूपमा पठाउने व्यवस्था, ओमान र बहराइनमा दूतावास खोल्ने र श्रम विभागमा दोभाषे राख्ने बारेमा छलफल । यसका बारे श्रम मन्त्रालयले यथाशिघ्र पहल गर्ने आश्वासन दिएको थियो ।

मे ९: युएईमा परिबन्दमा परेका नेपाली नागरिक अमरवहादुर बमलाई युएई सरकारले मुत्युदण्डको फैसला सुनाए पछि गैरआवासी नेपाली संघले विदेशमा रहेका एनसिसिहरूलाई अमर बचाउ अभियानमा सहयोग गर्न अपिल ।

मे २०: संघका अध्यक्ष जीवा लामिछाने लगायतका पदाधिकारीहरू १०८ नेपाली संघ संस्था सहभागी एनआरएन यूकेको दोस्रो काउन्सिल बैठकमा सहभागी भई संयुक्त लगानी, नागरिकता, नेपाल हाउस आदि विषयमा छलफल गर्नु भएको थियो ।

मे २०: अन्तर्राट्रिय समन्वय परिषद्का ३३औं बैठक सम्पन्न ।

मे २१-२३: सबै राष्ट्रिय समन्वय समितिहरूबाट नागरिकता निरन्तरता लगायत विषयमा नेपाली दूतावासहरू मार्फत नेपाल सरकारलाई ज्ञापनपत्र ।

## गैरआवासीय नेपाली संघको केही महत्वपूर्ण भावि कार्यक्रमहरू:

२०१२ को जुन १ देखि ३ सम्मा युरोपियन क्षेत्रको बैठक नेदरल्याण्डसमा आयोजना हुने ।

२०१२ को ३० अगष्ट देखि १ सेप्टेम्बरसम्म ७औं गैरआवासीय नेपाली क्षेत्रीय सम्मेलन अष्ट्रेलियामा आयोजना हुने ।

२०१२ अक्टोवर ११ का दिन गैरआवासीय नेपाली दिवस कार्यक्रमको आयोजना ।